# अध्याय - एक

# शोध परिचय

## १.१ शोध शीर्षक

यस शोधकार्यको शीर्षक **“कक्षा ५ को मेरो नेपाली किताब र रसिलो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन”** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली विभागअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ पाठयांशको प्रयोजनार्थ तयार पारिएको छ ।

## १.३ समस्याकथन

प्रत्येक व्यक्तिलाई सभ्य, विनयी, क्रियाशील र मूल्ययुक्त बनाउने काम शिक्षाले गर्दछ । प्रतिस्पर्धापूर्ण आधुनिक समाजमा प्रत्येक व्यक्तिलाई आफ्नो खुट्टामा उभिन सक्ने र जीवनका प्रत्येक भोगाइमा आउने चुनौतीलाई सामना गर्न सक्ने दृढ निश्चयी, निडर र साहसी व्यक्तित्वको परिकल्पना शिक्षाबाट मात्र सम्भव छ । शिक्षाविना देश र समाज समुन्नत र समृद्ध बन्न सक्दैन । तसर्थ सभ्य, क्रियाशील, मूल्यवान ज्ञान र सीप भएको जनशक्ति नै राष्ट्रिय विकासको मेरूदण्ड हो । गुणस्तरयुक्त शिक्षाले राष्ट्रिय विकासको गतिलाई तीब्र तुल्याउँछ । यसबाट शिक्षाको क्षेत्रमा दक्ष जनशक्ति उत्पादनमा ठूलो मद्दत पुग्दछ

प्रत्येक देशले आफ्नो राष्ट्रभाषालाई शिक्षाको माध्यमको रूपमा लिएको हुन्छ । भाषाकै आडमा पाठ्यक्रम, पाठयपुस्तक, सन्दर्भ र सहायक सामग्रीहरू तयार गरिने भएकोले त्यसलाई ग्रहण गर्न सीप र दक्षताले सिकाइको दायरा फराकिलो पार्न मद्दत गर्दछ । भाषा विचार विनिमयको साधन हो । सामाजिक जीवनका निमित्त भाषा हरपलको साथी पनि हो । हरेक देशमा राष्ट्रिय एकता र सरकारी कामकाज गर्न कुनै एउटा भाषालाई मान्यता प्रदान गरिएको हुन्छ । नेपालमा बहुजातीय र बहुभाषिक स्थिति रहेको छ । यहाँ सबै जातजाति र भाषाभाषीलाई एकताको सूत्रमा बाँध्नका लागि नेपाली भाषालाई राष्ट्र भाषा एवम् सरकारी कामकाजको भाषाको रूपमा प्रयोगमा ल्याइएको छ । यो भाषा विद्यालयस्तरीय पठनपाठनको माध्यम पनि हो । यद्यपि हाल आएर प्राथमिक स्तरसम्म आफ्नै मातृभाषामा पनि पठनपाठन गर्ने प्रावधान बनाइएको छ । नेपाली भाषा देवनागरी लिपिमा लेखिने भारोपेली परिवारबाट विकसित पुरानो भाषा हो । यो भाषा साहित्य र सिर्जनामा समेत सवृद्ध छ । यो सबै नेपालीहरूको साझा र सम्पर्क भाषा भएकोले यसको महत्व अधिक रहेको छ ।

राष्ट्रभाषाको रूपमा नेपाली भाषा विद्यालयस्तरदेखि विश्वविद्यालयका अनुसन्धान तहसम्म पठनपाठन हुने गर्दछ । विद्यालयस्तरमा कक्षा १ देखि कक्षा १० सम्म नेपाली भाषा पढाइ हुन्छ । भाषा पाठ्यक्रम परिषदले स्वीकृत गरेको नेपाली भाषा पाठ्यक्रम परिषदले स्वीकृत गरेको नेपाली भाषा पाठ्यक्रम अनुसार तयार गरिएका भाषा पाठ्यपुस्तकलाई आधार बनाएर विद्यालयमा पठनपाठन कार्य सम्पादन हुने गर्दछ । सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएका भाषा पाठ्यपुस्तकलाई मात्र प्रयोगमा ल्याएको पाइन्छ भने संस्थागत विद्यालयहरूले यसका साथै छुट्टै व्यक्ति तथा संस्थाहरूद्वारा सम्पादित पाठयपुस्तकसमेत प्रयोगमा ल्याउने गरेको पाइन्छ । यसरी सरकारी स्तरबाट र निजीस्तरबाट तयार गरिएका पाठ्यपुस्तकहरूमा समाविष्ट विषयवस्तुहरू बीचको तालमेलका बारेमा अध्ययन हुन जरूरी छ । पाठ्यक्रम अनुकूल हुने गरी तयार गरिएका त्यस्ता पाठयपुस्तकहरू वास्तवमा सो अनुकूल छन् वा छैनन् भनी हेर्नु समसामयिक र व्यवहारिक ठानिन्छ । यस्तो कार्यबाट पाठ्यक्रम र पाठ्यपुस्तक बीचको अन्तरसम्बन्ध र तालमेलका बारेमा बुझ्न सहायकसिद्ध हुने गर्दछ ।

यस शोधकार्यमा कक्षा ५ का निमित्त भनेर पाठयक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तक हाम्रो नेपाली किताब कक्षा ५ र आठराई प्रकाशनद्वारा प्रकाशित रसिलो नेपाली - ५ मा समाविष्ट नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ । पाठ्यपुस्तकमा नमुना अभ्यासहरूको अहम् भूमिका रहन्छ । उद्देश्य, विषयवस्तु, क्षेत्र र क्रमअनुसार नमुना अभ्यास दिइएका छन्/छैनन् भनी हेर्नु पर्ने हुन्छ । त्यसमा पनि (दुईओटा समानान्तर) पाठ्यपुस्तकभित्र समाविष्ट नमुना अभ्यासमा के के समानता छ र के-के भिन्नता छ भन्ने कुरा बुझ्न अत्यन्तै जरूरी ठहर्छ । पाठ्यक्रमले विद्यार्थीको रूचि, क्षमता र स्तर अनुकूल दिन खोजेका कुराहरू के कति मात्रामा विद्यार्थीहरूले हासिल गर्न सके भन्ने हेर्नका लागि नमुना अभ्यासहरूको सहारा लिनुपर्ने हुन्छ । तसर्थ पाठ्यपुस्तकमा उपयुक्त किसिमबाट नमुना अभ्यासको प्रविष्टि हुन आवश्यक छ ।

हाम्रो देशमा हालको विद्यमान अवस्थामा विद्यालयीय शिक्षा प्रदान गर्ने माध्यमका रूपमा दुई किसिमका विद्यालयहरू रहेका छन् । एकथरिका विद्यालयहरूलाई पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएका पाठ्यपुस्तकहरू पठनपाठन गर्ने गरी नेपाल सरकारले पूर्णरूपमा अनुदान दिएर सञ्चालनमा ल्याइएको छ भने अर्को थरिका विद्यालयहरू (निजी) भने पाठ्यक्रम अनुरूप अन्य विभिन्न प्रकाशनद्वारा तयार पारिएका पाठ्यपुस्तकहरू समेत पठनपाठन गर्ने गरी निजी स्रोत र साधनबाट सञ्चालन भइरहेका पाइन्छन् । सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालयका तुलनामा ती संस्थागत विद्यालय जो निजी स्रोत र साधनबाट सञ्चालित छन् तिनको पठनपाठनको स्तर माथि देखिएको मेरो अध्ययनले देखाएको छ । तसर्थ अन्य विषयमा झैं नेपाली भाषा विषयमा पनि यस किसिमको विभेद देखिनु विद्यालयहरूले पठनपाठनका निमित्त प्रयोगमा ल्याउने गरेका फरक-फरक पाठ्यपुस्तकमा प्रयुक्त विषयवस्तु र नमुना अभ्यासका कारण पनि हुन सक्ने भएकोले यस विषयमा

तुलनात्मक अध्ययन गरिनुपर्ने कुरालाई नकार्न सकिन्न । यस तुलनात्मक अध्ययनमा निम्न समस्याहरूमाथि अध्ययन गरिएको छ :-

क) पाठ्यक्रमको उद्देश्य अनुरूप नमुना अभ्यासहरू छन्/छैनन् ?

ख) विधाको प्रयोजनअनुसार नमुना अभ्यास छन्/छैनन्?

ग) दुवै पाठ्यापुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको सीपगत वितरण र तुलनात्मक व्यवस्था के कस्तो छ ?

घ) नमुना अभ्यासहरू भाषिक सीप विकासका लागि कत्तिका उपयुक्त छन् ?

ङ) उक्त दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको सुधारको लागि केकस्ता सुझाव पेश गर्न सकिन्छ ?

## १.४ शोधका उद्देश्यहरू :

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित छन् :

१.४.१ पाठ्यक्रमको उद्देश्यअनुरूप तुलनात्मक अध्ययन गर्नु,

१.४.२ विधाको प्रयोजनअनुसार नमुना अभ्यासहरूको तुलनात्मक अध्ययन गर्नु

१.४.३ दुवै पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको सीपगत वितरणको र तुलनात्मक अध्ययन गर्नु,

१.४.४ नमुना अभ्यासहरू भाषिक सीप विकासमा लागि उपलब्धिपूर्ण भए/नभएको अध्ययन गर्नु,

१.४.५ उक्त दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको सुधारका लागि आवश्यक भएमा सुझाव दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

पूर्वकार्यले कुनै अध्ययन अनुसन्धानको प्रारम्भिक मार्गदर्शन गर्दछ । बदलिँदो विश्व परिवेशमा हरेक क्षेत्रको तीव्र विकास भइरहेको छ । यस परिप्रेक्ष्यमा अध्ययन अनुसन्धानलाई पनि अलग राख्न सकिँदैन । पाठ्यक्रम र भाषा पाठ्यपुस्तकका क्षेत्रमा पनि विभिन्न देशहरूले गहन एवम् सूक्ष्म अध्ययन अनुसन्धान गरे त्यसबाट निस्केका निचोडका आधारमा आफ्नो अग्रिम मार्ग तय गर्ने गर्दछन् । हाम्रो देशमा भने अन्य विषय र क्षेत्रका तुलनामा अध्ययन

अनुसन्धानका कार्यलाई कमै महत्वका साथ हेरिएको पाइन्छ । त्यसमा पनि भाषा पाठ्यपुस्तकभित्र पनि नमुना अभ्यासका क्षेत्रमा भए गरेका अध्ययन अनुसन्धान ज्यादै थोरै पाइएको छ । हुन त कार्यको थालनी नै ढिलो गरेर छिटो उपलब्धिको अपेक्षा राख्नु पनि अझ असान्दर्भिक ठहर्छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षा विकास तथा अनुसन्धान केन्द्रका लागि (वि.सं. २०४४) 'शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्व' शीर्षकमा गरिएको एक अध्ययनमा नेपाली भाषाका प्राथमिक र माध्यमिक पाठ्यक्रम तथा पाठयपुस्तकको विश्लेषणात्मक अध्ययन भएको पाइन्छ । हेमाङ्गराज अधिकारीद्वारा गरिएको उक्त अध्ययनमा विधाअनुरूप भाषिक सीपको सन्तुलित वितरणको अभाव, सिर्जनात्मक पक्षलाई भन्दा कण्ठाग्रतामा जोड तथा विषयवस्तुको अभ्यासलाई नै भाषिक पक्षको अभ्यास ठान्नु उपयुक्त नहुने निष्कर्ष निकालिएको पाइन्छ ।

विद्यालयीय शिक्षालाई गुणस्तरीय बनाउने उद्घोषका साथ सुरू भएको आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (सन् १९९१-२०००) को गुरू योजनामा पाठ्यपुस्तक र अन्य सामग्री भन्ने शीर्षकमा भाषा पाठ्यक्रम र पाठ्यपुस्तकको विभिन्न पक्षको समीक्षा गरिएको छ । नमुना अभ्यासको संङ्क्षिप्त वर्णन गरिएको प्रस्तुत शीर्षक प्राथमिक तहका पाठ्यपुस्तकमा आधारित छ । यसको निष्कर्षमा नमुना अभ्यासहरू असन्तुलित रहेको, स्तर नमिलेको, कण्ठस्थ गर्ने किसिमको मात्र भएको, पाठ्यपुस्तकको उद्देश्यलाई समेट्ने गरी नराखिएको र सैद्धान्तिक पक्षलाई मात्र जोड दिने खालको भएको भनी आलोचनात्मक टिप्पणी गरेको पाइन्छ ।

माधवप्रसाद पौडेलद्वारा स्नातकोत्तर तह नेपाली शिक्षा विषयका निमित्त जिल्लास्तरीय परीक्षा (२०५१) मा समावेश गरिएका "कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण शीर्षकमा गरिएको शोध अध्ययनलाई पनि यस क्षेत्रमा उल्लेख्य अध्ययन मान्न सकिन्छ । उक्त अध्ययनमा प्रश्नहरूलाई पाठ्यक्रम अनुरूपता, भाषिक पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुणजस्ता विविध आयामबाट विश्लेषण गरी निष्कर्ष निकालिएको पाइन्छ ।

डिल्लीराम रिमालको एउटा लघु अनुसन्धान (अप्रकाशित २०५३) माध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तक (कक्षा ९ र १०) मा प्रयुक्त नमुना अभ्यासको अध्ययन पनि देखिन्छ । यस अध्ययनमा नमुना अभ्यासका विविध प्रश्नहरूको व्याख्या र विश्लेषण भेटिन्छ । यस अध्ययनमा विशेषगरी पाठ्यपुस्तकमा नमुना अभ्यासभित्र रहेका सामग्रीहरूको विश्लेषण र निष्कर्ष समेत प्रस्तुत गरिएको पाइन्छ । यस अध्ययन मा.वि. तहका लागि बढी सान्दर्भिक भए पनि प्रा.वि. तहका लागि त्यति धेरै उपयुक्त देखिदैन । त्यसैले वर्तमान पाठ्यपुस्तकको अध्ययन गरी नमुना अभ्यासको चर्चा गर्नु आवश्यक देखिन्छ ।

अमान्दा बुचान र टोनी रिड (Amanda Buchan and Toney Read) ले गरेको पाठयपुस्तक सम्बन्धी अध्ययन (Text books Components) लाई आधारभूत तथा प्राथमिक

शिक्षा परियोजनामा प्रस्तुत गरिएको छ । यसमा पाठ्यपुस्तकको मूल्य, पाठ्यपुस्तकको गुणस्तर, छपाइसम्बन्धी व्यवस्था, वितरण व्यवस्था आदिको चर्चा गरिएको छ तर यसमा समावेश गरिएको विषयवस्तुमा नमुना अभ्यासको कुनै व्याख्या गरिएको देखिँदैन ।

हिमाल न्यौपाने (२०५७) ले "कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण अभ्यासको अध्ययन" शीर्षकमा शोध गरेका छन् । उनको शोधबाट पाठ्यक्रमको उद्देश्य पूरा गर्न अभ्यासहरू केही हदसम्म सक्षम भएका, व्याकरण-शिक्षणका लागि उदाहरण प्रशस्त भएकोले सुगम भएको, एक, दुई पाठ बाहेक अन्य पाठ्यांशहरू पाठ्यक्रम मुताविक नै भएका, शिक्षक विद्यार्थीका लागि ठाउँठाउँमा निर्देशन नहुनुले असुविधा भएको, पाठ्यक्रमअनुरूप विषयवस्तुको प्रस्तुतिक्रम नमिलेको, बोलाइ सीपप्रति मौनता र लेखाइसीपप्रति मात्रै केन्द्रित र व्याकरणलाई अन्य पाठसँगै समायोजन गरिएकाले शिक्षण पाठ्यभारप्रति असन्तुलन भएको निष्कर्ष निकालिएको छ ।

कृष्णप्रसाद सुवेदी (२०५८) 'कक्षा ६ को हाम्रो नेपाली किताव र सजिलो नेपाली माला' मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन शीर्षकमा शोध गरेका छन् । उनको शोधबाट 'हाम्रो नेपाली किताबमा भन्दा सजिलो नेपाली मालामा' दोब्बरभन्दा बढी कठिन शब्दार्थ प्रस्तुत गरिनाका साथै दुवैमा पर्यायवाची र पारिभाषिक शब्दको आधिक्य, 'हाम्रो नेपाली किताब' मा सिर्जनात्मक अभ्यासमा जोड दिइएको र सजिलो नेपाली माला' का अध्यायमा प्रयोगात्मकतालाई महत्व दिइएको, भाषिक सीपसँग सम्बन्धित अभ्यासहरू 'हाम्रो नेपाली किताब' मा भन्दा 'सजिलो नेपाली माला' मा दोब्बर बढी दिइएको, अभ्यासको विविधता हेर्दा सजिलो नेपाली मालाका अभ्यासहरू बढी प्रयोगमूलक रहेका, व्याकरण कोटिका अभ्यासको सन्तुलन नमिलेको देखिन्छ ।

पार्वती अर्याल (२०५९) "कक्षा ९ को नेपाली भाषाको नेपाली पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन" शीर्षकमा गरेको शोधबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

१. नमुना अभ्यासहरू शिक्षक र विद्यार्थीका लागि वैज्ञानिक देखिने,
२. भाषाका चारै सीपलाई महत्व दिई नमुना अभ्यासमा समावेश गरिएको,
३. बोधात्मक अभ्यासमा असन्तुलन
४. अभ्यासहरू प्रयोगात्मक सिर्जनात्मक देखिने, कण्ठस्थ गर्ने प्रश्नहरूको सङ्ख्या कम रहेको,
५. एकाङ्कीमा सिर्जनात्मक अभ्यासको कमी,
६. शब्दभण्डारअन्तर्गतका अभ्यासहरूमा प्रयोगात्मक र पहिचनात्मक सङ्ख्या अझै कम रहेको,
७. प्रयोजनपरक अभ्यासमा कमी,

भोजकुमार ठकुरीले गरेको स्नातकोत्तर तह नेपाली शिक्षा विषयका निमित्त 'हाम्रो नेपाली किताब कक्षा ६ र सजिलो नेपाली माला छ को नमुना अभ्यासको तुलनात्मक (२०६१) अध्ययनबाट 'हाम्रो नेपाली किताबमा प्राविधिक, अनेकार्थक, अनुकरणात्मक र उखानटुक्काजस्ता शब्दहरूको प्रतिनिधित्व सजिलो नेपालीको तुलनामा कम रहेको र सबै विधामा ज्ञानसम्बन्धी अभ्यासलाई कम महत्व दिइएको कुरा उल्लेख गरेको पाइन्छ भने सजिलो नेपाली मालामा पाठको भारअनुसार उचित अभ्यासको संयोजन गरिएको कुरा उल्लेख छ ।

बलदेव भण्डारीले "पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ४ को मेरो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको अध्ययन" (२०६३) शीर्षकमा गरेको शोधकार्यमा प्राथमिक तह कक्षा ४ को नेपाली भाषा पाठ्यक्रममा सुनाइ र बोलाइ सीपका लागि २०/२० प्रतिशत र पढाइ र लेखाइका लागि ३०/३० प्रतिशत अङ्क विभाजन गरिएको भए पनि सुनाइलाई न्यून र लेखाइ सीपलाई अत्याधिक जोड दिई आपसमा सन्तुलन मिलाउने गरी अभ्यासहरू समावेश नगरेका कुरा औंल्याइएको पाइन्छ । नमुना अभ्यासमा विविधिकरण गर्ने प्रयास गरिए पनि वस्तुगत प्रश्न अन्तर्गत बहुवैकल्पिक प्रश्न निकै कम मात्र समावेश गरिएको कुरा उक्त अध्ययनको निष्कर्षबाट स्पष्ट हुन्छ । छोटा छरिता सरल शब्द चयन गरी अभ्यास तथा पाठहरूलाई बोधगम्य बनाउन खोजिए पनि दोस्रो भाषी, जनजाति, अपाङ्ग, अशक्तका लागि थप अभ्यासको अवसर नभएको कुरा उल्लेख गरिएको छ ।

कोमलप्रसाद खतिवडा (२०६६) ले 'कक्षा दसको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको अध्ययन' शीर्षकमा शोध गरेका छन् । उनको शोधकार्यको उद्देश्य कक्षा १०को वर्तमान नेपालीभाषा पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासहरूका वर्गीकरण गर्नु, सबल र दुर्वल पक्ष पत्ता लगाउनु, र नमुना अभ्यासभित्र रहेका शब्दभण्डार हिज्जे र व्याकरणिक अभ्यासको विश्लेषण गरी सुधारका लागि सुझाव तयार गर्नु रहेको छ । उक्त शोधबाट प्राप्त निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :-

१. पढाइ सीपसम्बद्ध लिखित सामग्रीलाई विभिन्न विधासम्बद्ध सस्वरवाचन गर्ने लयबद्धवाचन गर्ने जस्ता अभ्यास समाविष्ट,

२. लेखाइ सीप सम्बद्ध उद्देश्य पूरा गर्न अभ्यासले सहयोग पुऱ्याउने,

३. सिर्जनात्मक अभ्यासका प्रश्नले विभिन्न विषयमा सिलसिला मिलाएर वर्णन गर्न, कथा लेखन, रूचिअनुसारका विषयमा मौलिक रचना गर्न सहयोग पुऱ्याउने,

४. कतिपय नमुना अभ्यासमा शिक्षक तथा विद्यार्थीको लागि स्पष्ट निर्देशनहरू नदिएकोले अन्यौल देखिने ,

५. औसत रूपमा स्तरीय देखिए पनि समूहगत कार्यकलापका अभ्यासहरू न्यून देखिने ।

६. रूपक विधामा दैनिकी र संवादलाई पनि समावेश गराउनुपर्ने ।

यी सबै अध्ययन र अनुसन्धानात्मक शोधपत्रहरूलाई केलाएर हेर्दा नेपाली भाषामा पनि भाषापाठ्यपुस्तक मूल्याङ्कनका सम्बन्धमा केही मात्रामा अध्ययन र अनुसन्धान भएको भेटिन्छ तर पनि खास रूपमा यी अध्ययनहरूबाट भाषिक सीपका गुणात्मक पक्षहरू भेटिँदैनन् । पाठ्यक्रममा आधारित पाठ्यपुस्तकका विषयवस्तु लगायत अन्य सामग्रीको चर्चा गरे तापनि लेखकहरूले आफ्ना सैद्धान्तिक पक्षहरूलाई मात्र बढी जोड दिइएको देखिन्छ । प्राथमिक र निम्नमाध्यमिक तहमा पढाइ हुने रसिलो नेपाली माला ५ को मेरो नेपाली किताब कक्षा ५ मा समाविष्ट नमुना अभ्यासको तुलनात्मक अध्ययन हालसम्म नभएकोले यस सम्बन्धी पहिलो अध्ययन हो । यस शोधबाट दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमध्ये कुनले विद्यार्थीको बोधात्मक, प्रयोगात्मक, तथा सिर्जनात्मक प्रश्नसम्बन्धी धारणा बसाउँछ ? भाषिक सीप आर्जनमा दक्षता वृद्धि भई व्यावहारिक सीप प्राप्त गर्न सहयोग पुऱ्याउँदछ ? भन्ने विषयमा तुलनात्मक अध्ययन गर्ने जमर्को गरिएको छ । त्यसैले यस शोधबाट विद्यार्थीलाई बोधात्मक, प्रयोगात्मक तथा सिर्जनात्मक प्रश्नसम्बन्धी धारणा बसाउन सहयोग पुग्दछ । अभ्यासको वर्गीकरण तथा विश्लेषणात्मक अध्ययनबाट विद्यार्थीको आदानात्मक र प्रदानात्मक भाषिक सीप सम्बद्ध पक्षलाई समान महत्व दिन र त्यसअनुसार अभ्यासलाई सन्तुलन मिलाउन सम्बद्धपक्षलाई सुझ प्रदान गर्दछ । अभ्यासभित्र रहेका दुर्वलपक्षको सुधार गर्न सैद्धान्तिक पक्षभन्दा प्रायोगिक र सिर्जनात्मक पक्षको तुलनामा आधारित भई शोध तयार गरिएकाले नमुना अभ्यासभित्र रहेका त्रुटिहरूलाई सच्याई सुधार गर्न सहयोग पुग्ने छ । यस शोधबाट समय सापेक्ष अभ्यासहरूलाई स्तरयुक्त बनाउन पाठ्यपुस्तक लेखक तथा परिमार्जनकर्तालाई आवश्यक सुझ प्रदान गरी नमुना अभ्यासमा रहेका प्रश्नहरू र त्यस्तै प्रकारका अन्य प्रश्नहरू निर्माण गरेर कक्षा शिक्षणका लागि प्रभावकारी विधि अपनाउन यस शोधले सहयोग पुऱ्याउँन सक्छ । त्यसैले यस अध्ययनबाट नेपाली विषयका पाठ्यपुस्तकहरूमा अभ्याससम्बन्धी सीपमूलक र प्रयोगमूलक धारणाहरू प्रस्तुत गर्नेछ भन्ने अपेक्षा राखिएको छ ।

## १.६ शोधको औचित्य र महत्व

स्तरयुक्त पाठ्यक्रममा भाषिक सीपको निरन्तर विकास गर्ने, भाषिक व्यवहारलाई सक्षम बनाउने व्यवस्था गरिएको हुन्छ । भाषिक कुशलतालाई व्यवहारमा सफल बनाउनु भाषा शिक्षणको मुख्य लक्ष्य हो । त्यसैले भाषाशिक्षणको सर्वाधिक महत्वपूर्ण सामग्री र भाषा सामग्रीका रूपमा पाठ्यक्रमका लक्ष्यलाई पूरा गर्न प्रयोगात्मक रूपमा पाठ्यपुस्तकलाई लिइनुपर्दछ । पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासले विद्यार्थीका भाषा सिक्ने क्षमतामा के कस्तो प्रभाव पारेको छ ? विद्यार्थीले कसरी सिकेका छन् ? स्तरयुक्त नमुना अभ्यास, छन् कि छैनन् ? नमुना अभ्यासमा विविधता छ/छैन? नमुना अभ्यास विद्यार्थीको भाषिक सीप विकासमा सहयोग पुऱ्याउने किसिमका छन्/छैनन् आदि कुराहरू पाठ्यपुस्तकमा दिइएका नमुना अभ्यासका माध्यमबाट थाहा पाउन सकिन्छ । तसर्थ पाठ्यपुस्तकमा दिइएमा नमुना अभ्यासको महत्वपूर्ण भूमिका हुन्छ ।

भाषाका पाठ्यपुस्तकमा नमुना अभ्यास कक्षाको तहअनुसार विद्यार्थीको छनोट गर्नुको साथै भाषिक कुशलताको विकास, विधा र प्रकृतिअनुरूपका नमुना अभ्यासहरूमा जोड दिनुपर्दछ । भाषा पाठ्यपुस्तक स्तरीय र प्रयोगमूलक हुनका लागि पुस्तकमा राखिएका नमुना अभ्यास शिक्षकले कसरी शिक्षण गर्ने हो, सोको स्पष्ट बोध हुनुपर्छ जसका आधारमा शिक्षकले अभ्यासभित्र रहेका शब्दभण्डार, हिज्जे, व्याकरण र सिर्जनात्मक सीपहरूलाई सिकाउने गरिन्छ । अभ्यास निर्माणले भाषाको शिक्षणीय उद्देश्य प्राप्तिका निम्ति सिकाइका सबल र दुर्बल पक्षको चिनारी गर्दछ । त्यसकारण भाषाको सीप सिकाइमा अभ्यास औचित्यपूर्ण गुण निर्धारक तत्वको रूपमा रहेको देखिन्छ । उपर्युक्त भनाइलाई मध्यनजर राखेर पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको अध्ययन हुनु वाञ्छनीय देखिन्छ । एउटै कक्षामा पनि पाठ्यक्रमअनुरूप एकभन्दा बढी पाठ्यपुस्तकहरू तयार गरिएका हुन्छन् । त्यसरी तयार पारिएका पाठ्यपुस्तकहरूमा भाषाका सीपहरू सुनाइ, बोलाइ, पढाइ, लेखाइलाई पूर्ति गर्ने किसिमका नमुना अभ्यासहरू पाठमा छन्/छैनन् भनी तुलनात्मक अध्ययन गर्नु जरूरी हुन्छ । यसका साथसाथै विषयवस्तुले दिन खोजेका कुराहरू के कति हदसम्म प्राप्त भए वा भएनन् भनेर मूल्याङ्कनको माध्यमबाट लेखाजोखा गर्नु सान्दर्भिक हुन्छ ।

प्रस्तुत शोधमा नमुना अभ्यासलाई बोधात्मक सिर्जनात्मक र भाषिक सीपका आधारमा वर्गीकरण गरी दुवै पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरूको तुलनात्मक अध्ययन गरिएको छ । यसबाट शिक्षक र विद्यार्थीले केकस्ता भाषिक सीप विकासका लागि कुन पाठ्यपुस्तक, कुनकुन नमुना अभ्यास र कार्यकलापलाई कति महत्व दिइएको छ वा दिइनुपर्छ भन्ने कुरा थाहा पाउन सकिन्छ । यसबाट अभ्यासभित्र रहेको अन्यौलको स्थिति निराकरण भई उच्च सिकाइ उपलब्धि हासिल गर्न मद्दत मिल्दछ । शिक्षक र विद्यार्थी बीच अन्तरक्रिया बढाउन आवश्यक क्रियाकलाप बढाउन सहयोग मिल्ने छ ।

पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा भएका कमीकमजोरीहरूलाई निर्मूल पार्दै अगाडि बढाउनु र भविष्यमा संशोधन गरिने अभ्यासहरू स्तरीय तुल्याउनका लागि यस्तो अध्ययन गर्न आवश्यक देखिन्छ । भविष्यमा पाठ्यपुस्तक निर्माण गर्दा निर्माणकर्ताले यस अध्ययनबाट नमुना अभ्यासको रूपरेखा सुझावलाई आँकलन गर्न सहयोग मिल्ने छ । साथै पाठ्यक्रम र सो अनुरूपका पाठ्यपुस्तकमा नमुना अभ्यासहरूको मापनमा देखा पर्ने कमी कमजोरी सम्बन्धी हालको अवधारणालाई संशोधन गर्न यस अध्ययनले थोरै भए पनि सहयोग पुऱ्याउने छ भन्ने सोध अपेक्षा रहेको छ । यही अपेक्षा नै यस अध्ययनको औचित्य पनि हो ।

## १.७ शोधको सीमाङ्कन

प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ : -

क) प्रस्तुत अध्ययन कक्षा ५ को हाम्रो नेपाली किताब र रसिलो नेपाली किताबमा प्रयुक्त नमुना अभ्यासहरूमा मात्र सीमित छ ।

ख) यस अध्ययन उक्त दुई पाठ्यपुस्तकहरूमा दिइएका भाषिक तथा व्याकरणात्मक पक्षका नमुना अभ्यासहरूको व्याख्या र तुलनामा मात्र सीमित छ ।

ग) यस अध्ययनको जनसङ्ख्याको रूपमा मोरङ्ग जिल्ला दुलारी गा.वि.स.का सरकारी विद्यालय २ र निजी विद्यालय २ गरी कक्षा ५ मा अध्ययनरत ४ वटा विद्यालयका ५० जना विद्यार्थीहरूलाई मात्र नमुनाका रूपमा लिइएको छ ।

## १.८ अध्ययन विधि

यस शोधकार्यका लागि निम्न अध्ययन विधिको प्रयोग गरिएको छ :-

१) **क्षेत्रीय अध्ययन विधि** : यो विधि अपनाइ यस शोधकार्य सम्पन्न गर्दा नमुना छनौट, प्रश्नोत्तर, छलफल, लिखित परीक्षा, अर्न्तवार्ता जस्ता क्रियाकलापहरू सञ्चालन गरिएको छ ।

२) **तुलनात्मक विधि** : पाठ्यपुस्तकहरू मेरो नेपाली किताब कक्षा ५ र रसिलो नेपाली किताब कक्षा ५ मा समाविष्ट नमुना अभ्यासहरूको सङ्क्षिप्त र वस्तुगत तुलना गरिएको छ । अन्त्यमा निष्कर्षमा पुगी आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

३. **पुस्तकालयीय विधि** : श्रद्धेय विद्वान तथा विषयविशेषज्ञहरूद्वारा लिखित भाषा पाठ्यक्रम र भाषापाठ्यपुस्तकको विस्तृत अध्ययन गरिएको छ । शोधकार्यका लागि आवश्यक पर्ने विषयवस्तुहरूको अध्ययन गर्ने क्रममा अग्रजहरूद्वारा तयार पारिएका विभिन्न शीर्षकहरूमा सम्पन्न गरिएका शोधकार्यहरूको अध्ययन गरी निष्कर्ष निकालिएको छ ।

## १.९ शोधका रूपरेखा

| | | |
|---|---|---|
| परिच्छेद एक | : | परिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्व, अध्ययनको सीमा, शोध विधि |
| परिच्छेद दुई | : | नमुना अध्यासको सैद्धान्तिक अवधारणा |
| परिच्छेद तीन | : | व्याख्या तथा तुलनात्मक अध्ययन |
| पच्छिेद चार | : | निष्कर्ष र सुझाव |
| | | सन्दर्भ सूची |
| | | परिशिष्ट |

# अध्याय : दुई

# नमुना अभ्यासको सैद्धान्तिक अवधारणा

## २.१ नमुना अभ्यासको परिचय

भाषा सिकाइमा अत्यन्त महत्वपूर्ण क्रियाकलाप अभ्यास हो । अभ्यासलाई भाषा सिकाइको मेरूदण्डको रूपमा लिइन्छ । भाषा सिकाइमा चारै सीपहरूलाई अत्यन्त महत्वपूर्ण रूपमा लिइन्छ । भाषाका सम्पूर्ण दक्षता हासिल गर्न अभ्यास नगरी सम्भव हुँदैन । भाषा सिकाइका लागि विषयवस्तु सम्बद्ध विधाहरू मात्र शिक्षण सामाग्रीका लागि पर्याप्त हुँदैनन् : भाषा सिकाइलाई प्रभावकारीरूपले सञ्चालन गर्न नमुना अभ्यास महत्वपूर्ण सामग्री देखिन्छ ।

बृहत् नेपाली शब्दकोशले "कुनै पाठ्यविषयमा निरन्तर दोहाऱ्याई तेहेऱ्याइ गरेर पूर्ण ज्ञानप्राप्त गर्नु वा कुनै कार्यको व्यवहारिक पक्षतिर विशेष रूपमा बारम्बार मिहिनेत गर्नु भनेर पाद टिप्पणीका रूपमा अभ्यास शब्दलाई लिइएको देखिन्छ । भाषाका पाठ्यवस्तु शिक्षण पश्चात् तत्सम्बन्धी विविध प्रकृतिका अभ्यासलाई अपनाइने गरिन्छ । भाषाको ज्ञान र सीपको स्थायित्वका लागि निरन्तर रूपले अभ्यास गर्नु जरूरी छ । धेरै जसो विषयमा शिक्षणका निम्ति सामग्रीको प्रयोगभन्दा अभ्यास गराउनु उचित देखिन्छ, जस्तै-गणित, भाषा आदि । यस्ता विषयमा अभ्यासले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । भाषा पाठ्यपुस्तकमा प्रत्येक पाठ्यविषय शिक्षणपछि वेग्लाबेग्लै शीर्षकलाई अभ्यासको रूपमा लिइएको भेटिन्छ ।

"सिकाइ भनेको अभ्यासको फलस्वरूप व्यक्तिमा देखापर्ने एउटा सापेक्षिक स्थायी परिवर्तन हो । यो एउटा यस्तो प्रक्रिया हो जसबाट कुनै पनि व्यक्तिले आफ्नो व्यवहारमा सकारात्मक परिवर्तन ल्याउँदछ " (पन्त भरतविलास २०५०)। त्यसैले सिकाइलाई प्रभावकारी र गतिशील बनाउन पाठ्यविषयको शिक्षणपछि पाठ्यविषयसँग सम्बन्धित् विभिन्न किसिमका प्रश्नहरूलाई अभ्यासमा समावेश गरिएका हुन्छन् । पाठ्यविषयको सबलीकरण बोध र नयाँ सामग्रीको प्रयोग एवं सीप वृद्धि गर्नमा विभिन्न किसिमका प्रश्नहरू ज्यादै लोकप्रिय हुन्छन् । प्रश्नहरू बोधात्मक, विषयगत र वस्तुगत सबै खालका हुन्छन् । यसमा कसरी किन, के र कति आदिका माध्यमबाट प्रश्नहरू सोधिएका हुन्छन् । उपर्युक्त आधारमा अभ्यासमा शिक्षणीय सामग्रीबाट सीप विकास गर्ने दृष्टिले शिक्षण क्रियाकलापको व्यवस्था साङ्केतिक रूपमा गरिएको हुन्छ जसले शारीरिक र मानसिक रूपले सिकाइका निमित्त गतिशील बनाउँछ । विभिन्न विधिहरूको उपयोग गरेर भाषाका सीपहरू सिक्न सकिन्छ जसले गर्दा शिक्षणीय विषयको मूल्याङ्कन गरी सफलताका साथ भाषा सिक्न अभ्यासले स्पष्ट र प्रभावकारी भूमिका खेलेको हुन्छ ।

भाषा पाठयपुस्तकमा शैक्षणिक विषय र शैक्षणिक सामग्रीको लगातार अभ्यास र आवृतिको उद्देश्यले अभ्यासको व्यवस्था मिलाइएको हुन्छ । सिकाइका गतिविधिलाई सक्रिय र

प्रभावकारी बनाउने उद्देश्यले अभ्यासको निर्माण भएको हुन्छ । भाषिक सीप र भाषाका विभिन्न पक्षको जानकारी गर्नका लागि भाषिक संरचना, अभिनय, लिखित तथा मौखिक क्रियाकलाप, गृहकार्य र आवश्यक शब्दभण्डार सहितको एउटा शिक्षणीय नमुना संलग्न रहन्छ । त्यसमा भाषाका चारैवटा सीपको विकास हुने गरी शैक्षिक सामग्रीको तयारी गरिएको हुन्छ । यसबाट भाषिक सीपलगायत विषयगत ज्ञान र धारणालाई एकाग्र रूपमा विस्तार गर्न सकियोस् भन्ने दृष्टिकोणले अभ्यासको निर्माण गरिएको देखिन्छ ।

नमुना अभ्यासमा प्रयोग गरिएका सामग्रीहरू 'गर र सिक' (आनन्द भी.एस.१९७७) भन्ने धारणाबाट समावेश गरिएका हुन्छन् । लेखाइ सीपका लागि उपयोगी हुने सामग्रीहरूको व्यवस्थाले अभ्यासलाई अझ प्रभावकारी बनाएको हुन्छ । यसलाई गृहकार्यको सामग्रीका रूपमा पनि लिइन्छ । यस्ता सामग्रीहरू व्याकरण र पठनबोधसँग सम्बन्धित गराएर राखिन्छन् । व्याकरणसम्बन्धी अभ्यासहरू पाठसँग एकीकृत गराएर राख्नुपर्छ । यसका निमित्त छुट्टै पाठ्यपुस्तकको अपेक्षा चाहिँ राखिएको देखिँदैन । गृहकार्य निर्देशन, परीक्षण, प्रोत्साहन, पुनरावृत्ति आदि कार्यमा सहयोग गर्न पाठ्यपुस्तकमा अभ्यासको क्षेत्र तोकिएको हुन्छ । अभ्यासहरू पाठ्यक्रमको उद्देश्य पूर्ति गर्नका लागि तयार गरिएका हुन्छन् । पाठ्यपुस्तकमा समाविष्ट विधा एवम् उपविधाभन्दा त्यसका आधारमा गराइने भाषिक पाठ्यपुस्तकमा नमुना अभ्यास सबभन्दा महत्वपूर्ण स्तम्भका रूपमा रहेको देखिन्छ ।

भाषाशिक्षणको मूल अभिप्राय भाषाका बारेमा शिक्षण गर्नु नभएर भाषिक सीप विकासमा प्रभावकारी टेवा पुऱ्याउनु हो । त्यसैले भाषाका पाठ्यवस्तुहरू स्वभावैले सीपमुखी हुन्छन् र हरेक सीपले हरेक सीप सिकाइ र प्रवर्द्धनमा सहयोग पुऱ्याइरहेका हुन्छन् । सुनाइले बोलाइलाई, बोलाइले पढाइ र लेखाइलाई अनि पढाइ र बोलाइले सुनाइ र लेखाइलाई तथा लेखाइले पढाइ, बोलाइ र सुनाइलाई आपसमा सहयोग पुऱ्याइरहेका हुन्छन् । यसलाई रेखाचित्रबाट स्पष्ट पारौँ (नेपाली भाषा र साहित्य शिक्षण: पृष्ठ ३२८)

यसरी हरेक सीपको सम्बन्ध हरेकसँग हुने भएको पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासले चारवटै भाषिक सीप हासिल गर्न महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

"भाषा सीपमूलक विषय हो, त्यसैले यो स्वतः अभ्यासमूलक हुन्छ । जति धेरै अभ्यास गरेर भाषालाई खेलाउन सक्यो त्यति फाइदा र निखार बढ्दै जाने हुनाले भाषाशिक्षणमा सीप विकासका अभ्यासहरूलाई बढीभन्दा बढी प्रश्रय दिइन्छ । विद्यार्थीलाई अभ्यासकेन्द्री गराएर अघि बढाएमा भाषासँग सम्बद्ध सीपहरू हासिल गराउन सकिन्छ ।" (शर्मा, पौडेल २०५९, पृ.३७९)

भाषा पाठ्यपुस्तक भन्ने वित्तिकै त्यसमा अभ्यासको महत्वपूर्ण स्थान र व्यवस्था हुन्छ । साँच्चै भन्ने हो भने भाषा पाठ्यपुस्तकमा मूल पाठभन्दा अभ्यासात्मक कार्यकलापहरूको आकार ठूलो र बढी हुन्छ । भाषाका सबै सीपहरू अभ्यासबाट नै प्राप्त र परिमार्जित हुने भएकोले अभ्यासात्मक मात्रा बढी हुनु र पर्याप्त विविधतासमेत हुनु अत्यन्त जरूरी छ । अभ्यासका दृष्टिले कम महत्व देखाउने तथा पर्याप्त अभ्यासात्मक विविधता अँगाल्न नसक्ने पाठ्यपुस्तक भाषिक सीप सिकाइका दृष्टिले स्तरयुक्त वा उपयुक्त मान्न सकिँदैन । (ऐजन पृष्ठ : ३६२)

भाषा पाठ्यपुस्तकमा जे जति पाठ्यवस्तुहरूको संयोजन र सङ्गठन गरिएको हुन्छ ती सबैमा अभ्यासात्मक कार्यकलापको सर्वाधिक उच्च भूमिका रहेको हुनुपर्दछ । विभिन्न शीर्षक र विधा तथा विषयवस्तुमा आधारित पाठ्यवस्तुहरूको शिक्षण अभ्यासकेन्द्री भएर प्रस्तुत हुनुपर्दछ । भाषाको प्रकार्यात्मक अथवा सम्प्रेषणात्मक उपयुक्तता र सान्दर्भिकतासम्बन्धी व्यावहारिक ज्ञान र सीप नमुना अभ्यासबाटै प्राप्त हुने र सबल हुने हुनाले त्यसको उपयुक्त नमुना पाठ्यपुस्तकले निर्देश गर्न सक्नुपर्दछ । विधागत विविधताअनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रहरूमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी नमुना अभ्यासहरूको सचेत व्यवस्था मिलाइनुपर्दछ । त्यसैगरी भाषाका शैलीगत विविधता र तिनका प्रयोग क्षेत्रका सान्दर्भिक उपयुक्तता र आवश्यकता अनुरूपको भाषिक सीप विकासका निम्ति अभ्यासकै दरकार पर्ने भएकोले भाषापाठ्यपुस्तकले तत्सम्बन्धी एवम् मानक उच्चारण होस् अथवा व्याकरणसम्मत वर्णविन्यास होस्, शाब्दिक कार्य क्षेत्रको पहिचान होस् अथवा तिनको उपयुक्त प्रयोग कुशलता होस, शब्दनिर्माण र वर्गपरिवर्तन कला होस् अथवा वाक्यगठन र वाक्यान्तरण कला होस्, सबैमा अभ्यासकै आवश्यकता पर्दछ । त्यस्तै शब्दभण्डार क्षमताको वृद्धि र स्थायित्व ल्याउन, वाचनकलाको विकास गर्न, पठनकलाको विकास गर्ने, श्रवणकलाको विकास गर्ने, वक्तृताको प्रभावकारिता हासिल गर्न, भाषिकेत्तर तत्वको उपयोग गरी अभिनयात्मक भाषिक क्षमता बढाउन उपयोगी र व्यवहारिक लेखनसम्बन्धी विविध सीप सिक्न, सङ्क्षेपीकरण एवम् विस्तृतीकरण क्षमता वृद्धि गर्न, सुन्दर बान्कीमा आकर्षक र विशुद्ध लेख्य क्षमता हासिल गर्न, वर्णन, विवेचन र समीक्षण क्षमता हासिल गर्न तथा मौलिक, स्वतन्त्र एवम् सृजनात्मक लेखनकलाको अभिवृद्धि गर्न अभ्यासकै प्रभावकारिताले मद्दत गर्दछ ।

अभ्यासको स्तर पनि कक्षाको स्तर, विद्यार्थीको क्षमता, रूचि र सिकाइ प्रवृत्तिअनुरूप तय गरिएको हुनुपर्दछ । सरलदेखि जटिलताको क्रममा अभ्यासहरूलाई स्तरीकृत गरिएको हुनुपर्दछ । पहिचनात्मक किसिमका मात्र नभई प्रयोगात्मक तथा उत्पादनात्मक अभ्यासहरूको पनि आवश्यक सन्तुलन मिलाइएको हुनुपर्दछ । विभिन्न वैषयिक क्षेत्रसम्बद्ध शैली र प्रयोग उपयुक्तताका विविध पक्षहरूलाई समेटेर आवश्यक अभ्यासात्मक व्यवस्था मिलाइनुपर्दछ ।

समग्रतः उपयुक्त र स्तरयुक्त पाठ्यपुस्तक त्यसैलाई मान्न सकिन्छ जसमा भाषिक अभ्यास यावत् र उपयुक्त विशेषताले भरिपूर्णता कायम गरिएको हुन्छ । अभ्यास विद्यार्थीको स्तरअनुरूप होस्, पाठ्यक्रमको मर्मअनुरूप होस् विविधतापूर्ण होस्, सीपपरक होस्, रूचिपूर्ण होस्, उत्साहपूर्ण होस्, सुसिक्य होस् तथा प्रभावकारी ढङ्गले उपलब्धि तर्फ डोऱ्याउन सक्षम होस् भन्नेतर्फ भाषापाठ्यपुस्तक सचेत हुन आवश्यक छ । उक्त कुराहरूप्रति सचेत रहेको पाठ्यपुस्तकलाई नै वैज्ञानिक र व्यवहारिक पाठ्यपुस्तक मान्न सकिन्छ र उपयुक्त पनि मान्न सकिन्छ । (ऐजन पृष्ठ ३६३)

नमुना अभ्यास निर्माणात्मक मूल्याङ्कनको अभिन्न प्रभावकारी अङ्ग भएकोले भाषाशिक्षणबाट पाठ्यक्रमले निर्दिष्ट गरेको भाषिक उद्देश्य हासिल गर्न मार्ग प्रशस्त गर्दछ । त्यसर्थ नमुना अभ्यासलाई निर्माणात्मक मूल्याङ्कनको सशक्त र प्रमुख औजार मान्न सकिन्छ ।

## २.२ नमुना अभ्यासमा समावेश गरिने प्रश्नका किसिम

नमुना अभ्यासमा विभिन्न किसिमका प्रश्नहरू समावेश गरिएका हुन्छन् । कुनै विषयवस्तुमा आधारित प्रश्न हुन्छ भने कुनै भाषिक सीपमा आधारित प्रश्न । अन्य विषयका तुलनामा भाषा विषयका नमुना अभ्यास फरक हुने भएकाले यसमा समावेश गरिने प्रश्नहरू पनि फरक पर्नु स्वभाविकै हुन्छ । भाषासिकाइको उद्देश्य भाषाका चारैओटा सीपको विकास गराउनु हो । त्यसैले एकै किसिमका प्रश्नहरूबाट सिकाइ उपलब्धिको मापन एवम् विकासमा सघाउ पुग्न सक्तैन र भाषा शिक्षणका दृष्टिले पनि उपयोगी मान्न सकिँदैन । भाषा पाठ्यपुस्तकका पाठहरूमा मुख्यतया भाषिक सीपको प्रकृतिको आधारमा एउटै अभ्यासमा पनि विभिन्न प्रकृतिका प्रश्नहरू समावेश गरिएका हुन्छन् ।

### २.२.१ विषयवस्तुमा आधारित प्रश्न

भाषाका विषयमा प्रश्नहरू निर्माण गर्दा विषयवस्तु महत्वपूर्ण नभए तापनि भाषा सिकाइको साहारा नै विषयवस्तु भएको हुँदा भाषिक सीपको विभिन्न अभ्यासका निमित्त सोधिने प्रश्नहरू पनि विषयवस्तुमा आधारित नगराई सम्भव हुँदैन । खासगरी तर्कपूर्ण अभिव्यक्ति, बोध, व्याख्या, समीक्षा, भावार्थ र रचना जस्ता कुराको अभ्यास

विषयवस्तुकै आधारमा हुनुपर्दछ । स्तरअनुसार पाठमा समावेश विचार, घटना र सूचनालाई मिलाएर पाठ्यपुस्तकमा राखिनुपर्दछ । पाठ्यपुस्तकमा राखिएका प्रश्नहरू श्रृङ्खलाबद्ध रूपमा राख्नु महत्वपूर्ण हुन्छ । विषयवस्तुका आधारमा भएका प्रश्नहरू विभिन्न किसिमका हुन्छन् । बोधमा भए विषयगत र वस्तुगत हुन्छन् भने अभिव्यक्ति भए निबन्धात्मक, विश्लेषणात्मक, विषयगत आदि हुन्छन् । विषयवस्तुसँग सम्बन्धित प्रश्नहरूको प्रयोग गर्दा प्रश्नहरू आन्तरिक र बाह्य रूपले स्पष्ट एवम् शुद्ध हुनुपर्दछ जसमा विभिन्न पक्षहरू समेटिने गरी वैचारिक स्पष्टता, शैली सौन्दर्य तथा भाषातत्वगत हिज्जे, शव्दवर्ग, शब्दनिर्माण आदि कुराहरू ध्यानमा राखेर प्रश्नहरूको सहसम्बन्ध राख्नुपर्दछ ।

### २.२.२ भाषिक सीपमा आधारित प्रश्न

भाषाका चार कुशलताहरूलाई आधार मानेर अभ्यासमा विभिन्न प्रकारका प्रश्नहरू राख्नु उपयुक्त देखिन्छ । पाठ्यक्रममा कुनै सीपलाई बढी जोड दिइयो भने पनि पाठ्यपुस्तकमा भाषाका चारै सीपहरूलाई आधार बनाएर प्रश्नहरू निर्माण गरिनुपर्दछ । भाषाका प्रत्येक सीपमा वर्णगत, अर्थगत र व्याकरणगत तत्व अन्तर्निहित हुनुपर्दछ । भाषाका चारवटा कुशलताहरूलाई आधार बनाउनुपर्दछ । लिखित सीपमा आधारित प्रश्नहरूले विद्यार्थीको अभिव्यक्ति क्षमतादेखि लिएर उसका सम्पूर्ण त्रुटि निराकरण गर्ने खालका प्रश्न हुनुपर्दछ । भाषिक सीप नाप्नका लागि विभिन्न विषयवस्तुलाई आधार मानेर प्रश्नहरू निर्माण गरे पनि अभ्यास गराउने उद्देश्य चाहिँ भाषिक सीपलाई लिने खालका प्रश्नहरू निर्माण गर्नुपर्दछ ।

### २.२.३ शब्दभण्डारमा आधारित प्रश्न

पाठका आधारमा दिइएका शब्दहरूको अभ्यास शब्दभण्डार बृद्धि हुने किसिमका हुनुपर्दछ । शब्दसम्बन्धी ज्ञान भाषिक सीप अभिवृद्धि गर्न र शब्दभण्डार निर्धारण वा वृद्धि गर्नमा केन्द्रित गर्ने ध्येयमा आधारित हुन्छ । भाषालाई सरल र स्वभाविक बनाउन शब्दभण्डारलाई छिटो छरितो विकल्प पत्ता लगाएर प्रयोग गर्न सक्ने तुल्याउनमा आधारित हुन्छ । यसै कारणले गर्दा पाठ्यपुस्तकभित्र विधाको अन्त्यमा शब्दार्थ सम्बन्धी शिक्षण प्रक्रिया प्रशस्त मात्रामा राख्ने गरिन्छ ।

## २.३ प्रश्नहरूका स्वरूप

पाठ्यपुस्तकका पाठहरूमा दिइएका प्रश्नहरू विभिन्न प्रकृति र स्रोत सामग्रीका रूपमा देखा पर्दछन् । पाठ्यपुस्तकमा आधारित प्रश्नहरू बोधात्मक, सिर्जनात्मक, विषयगत, विश्लेषणात्मक, समीक्षात्मक, अनुमानात्मक र सङ्ख्यात्मक देखिन्छन् विविध खाले प्रश्नका सहायताले स्पष्टसँग लेख्न र विषयवस्तुमा गहन अध्ययन गर्नका लागि प्रमुख साधनका रूपमा लिइन्छन् । प्रश्नहरूको माध्यमबाट विषयवस्तुलाई विभिन्न कोणबाट हेरिनुका साथै शिक्षण सिकाइ पनि प्रभावकारी र सफल बनाउन सकिन्छ । अभ्यासमूलक विविध प्रश्नहरूले सिकाइ झन् तीब्र हुन्छ र भाषामा पनि झन तीब्रता बढाउँछन् । यस्ता प्रश्नहरू बोधात्मक, प्रयोगात्मक र सिर्जनात्मक प्रश्नहरू बढी देखिन्छन् । यस्ता प्रश्नहरूको सहायताबाट विद्यार्थीले आफ्ना आन्तरिक क्षमता र लेखन सीपका त्रृटिहरूलाई सहजरूपमा सुधार्न सक्ने देखिन्छ ।

यसरी भाषा सिकाइमा प्रश्नहरू बनावटमा विविधता देखिने हुँदा विद्यार्थी र भाषा शिक्षक सधैँ सक्रिय रहेर प्रश्नहरूको समाधान गर्नुपर्दछ । अभ्यासमा दिइएका प्रश्नहरू सामान्यतया यस प्रकार देखिन्छन् :

### २.३.१. विषयगत प्रश्न

कुनै पनि प्रश्नको उत्तरमा विद्यार्थीहरूले आफ्नो मौलिक विचार र स्वतन्त्र अभिव्यक्तिसमेत गरी लामो वा छोटो उत्तर लेख्ने किसिमका प्रश्नलाई विषयगत प्रश्न भनिन्छ । यसलाई व्यक्तिनिष्ठ प्रश्न पनि भनिन्छ । यस्तो प्रश्नमा विद्यार्थीका हस्तलिपि, प्रस्तुतीकरण, भाषाशैलीजस्ता विषयगत कुराहरूको प्रभावसमेत रहन्छ । विषयगत परीक्षाका प्रश्नलाई सङ्क्षिप्त उत्तरात्मक प्रश्न र निबन्धात्मक प्रश्न गरी २ रूपमा विभाजन गरिएको छ । (पाठ्यक्रम र मूल्याङ्कन : पृष्ठ १८९)

### २.३.२ सङ्क्षिप्त उत्तरात्मक प्रश्न

भाषाको प्रयोगमा छोटो र कम समयमा विद्यार्थीको दक्षता नाप्नका लागि एउटै शब्दमा उत्तर आउने प्रश्नहरू निर्माण गरिन्छन् । यस्ता प्रश्नहरू धारणा र प्रयोग, रचना, शब्दार्थ, शब्दप्रयोग र वर्णविन्यास इत्यादि कुराको परीक्षण र अभ्यासमा प्रयोग गरिन्छन् । खास कुराको वर्णन गर्ने, भाव विस्तार गर्ने, सङ्क्षेपीकरण गर्ने, शिक्षण भएका बेलामा प्रश्न गर्ने भाषातत्व र व्याकरणतत्व पहिल्याउने, वाक्यतत्वअनुसार रचना गर्ने, वाक्यतत्वभित्र रहेर वर्णन गर्ने, शब्दलाई अर्थपूर्ण रूपले वर्णन गर्ने र वाक्यान्तरण गर्ने खालका प्रश्नहरू अभ्यासमा राखिएका हुन्छन् ।

### २.३.३ निबन्धात्मक प्रश्न

यस्ता प्रश्नहरू लामो उत्तर आउने प्रश्नहरूको दर्जामा पर्दछन् । यस्ता खाले प्रश्नहरूले विद्यार्थीको सिर्जनात्मक विकासमा सहयोग पुऱ्याउँछन् । भाषामा मौलिक चिन्तन र विचार विमर्श पत्ता लगाउन यस प्रकारका प्रश्नहरूले सहयोग गर्दछन् । त्यस्तै विद्यार्थीहरूको भाषिक सीपको प्रयोगात्मक रूपमा अध्ययन गर्न पनि यस्ता खाले प्रश्नहरूले सहयोग गर्दछन् । विद्यार्थीहरूको अभिव्यक्तिको विकास गर्न यी प्रश्नहरूको धेरै प्रयोग गराउनुपर्दछ । यस्ता प्रश्नहरूको अभ्यासले अभिव्यक्ति, वाक्यरचनालगायत उपयुक्तता, वाक्य ढाँचा, शब्दप्रयोगगत उपयुक्तता, वाक्य गठन, विचार र विमर्शको सिलसिला, वर्णविन्यास, विराम चिन्ह, किनारा छोडाइ, अनुच्छेद गठनको प्रवाह, विषयवस्तुको प्रासङ्गिकता जस्ता सबै कुराहरूको मापन गर्न सकिन्छ । यस्ता प्रश्नहरूको उत्तर दिन निबन्ध लेख्ने, प्रबन्ध लेख्ने, व्याख्या गर्ने, पत्र रचना गर्ने, लेख रचनाको सारांश लेख्ने र समीक्षा लेख्ने इत्यादि खालका प्रश्नहरू पर्दछन् । त्यसैले यस्ता प्रश्नहरू अभ्यासमा राख्नु उपयुक्त मानिन्छन् । (पाठ्यक्रम र मूल्याङ्कन : २०५८ पृष्ट १८९ र १९०)

### २.३.४ वस्तुगत प्रश्न

सामान्यतया प्रश्नपत्रमै एक/दुई शब्द, वाक्यांश आदिमा उत्तर दिने वा चिन्ह मात्र लगाए पुग्ने खालका प्रश्नलाई वस्तुगत प्रश्न भनिन्छ । वस्तुगत प्रश्नको उपयोग मूलतः भाषिक मूल्याङ्कनका क्रममा बोध, उच्चारण, शब्दार्थ, शब्दप्रयोग, वर्णविन्यास र व्याकरणका तत्वहरूको क्षमता पहिचान गर्न उपयोग गरिन्छ । वस्तुगत प्रश्न खाली ठाउँ भर्ने, जोडा मिलाउने  ठीक/बेठीक छुट्याउने र बहुवैकल्पिक गरी चार प्रकारका हुन्छन् । (पाठ्यक्रम र मूल्याङ्कन पृष्ठ : १९३)

वस्तुगत प्रश्नका प्रकारलाई सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ :-

१. **आपूर्ति प्रश्न :** आपूर्ति प्रश्नहरूमा खाली ठाऊँ भर्ने वा एक वा दुई शब्दमा उत्तर दिने छोटा उत्तर आउने प्रश्नहरू समावेश हुन्छन् । दुवै खालका आपूर्ति प्रश्नमा उत्तर दिने तरिका उस्तै हुन्छ । तर प्रश्न निर्माण गर्ने तरिकामा भने भिन्नता हुन्छ । यसरी कुनै वाक्य वा अनुच्छेदमा कुनै शब्द वा वाक्यांश झिकिएको वा एक दुई शब्द वा वाक्यांशमा उत्तर आउने प्रश्नहरू नै आपूर्ति प्रश्नहरू हुन् । यस्ता प्रश्नहरूमा झिकिएका शब्द, वाक्यांश विद्यार्थीले पूरा गर्नुपर्ने अथवा प्रश्नका उत्तर एक/दुई शब्द वा वाक्यांशमा  दिनुपर्ने हुन्छ । ( पाठ्यक्रम र मूल्याङ्कन पृष्ठ :१९५)

२. **ठीक-बेठीक प्रश्न :** लेखिएका उक्ति वा वाक्यलाई साँचो, झुटो, ठीक-बेठीक वा हो, होइन आदि छुट्याउने प्रश्नलाई ठीक-बेठीक प्रश्न भनिन्छ । (ऐजन : पुष्ठ १९६)

३. **जोडा मिलाउने प्रश्न :** जोडा मिलाउने वा दाँज्ने प्रश्नमा दुई स्तम्भ हुन्छन् । पहिलो स्तम्भमा दिइएको विकल्पद्वारा जोडा मिलाइएको हुन्छ । यस्ता प्रश्नहरूको उत्तर दिँदा एक-समूहमा दिइएको तथ्यलाई अर्को समूहमा दाँज्नु पर्दछ । पहिलो स्तम्भ, जसका पदहरूलाई जोडा मिलाइन्छ । तिनीहरूलाई उद्दीपक र दोस्रो स्तम्भ, जसका पदहरूबाट विकल्प छनोट गरिन्छ, तिनीहरूलाई प्रतिक्रिया भनिन्छ । (ऐजन, पृष्ठ १९७)

४. **बहुवैकल्पिक प्रश्न :** वहुवैकल्पिक प्रश्नमा तीनदेखि पाँचवटा सम्म विकल्प उत्तरहरू प्रश्नसँग दिइएको हुन्छ । विद्यार्थीले सही उत्तरमा चिह्न लगाउने वा उत्तरपुस्तिकामा सार्ने गर्नुपर्दछ । यस्ता प्रश्नहरू प्रत्यक्ष प्रश्न वा अपूर्ण उक्तिको रूपमा प्रस्तुत गर्न सकिने भए पनि प्रत्यक्ष प्रश्न नै निर्माण गर्ने चलन बढी पाइन्छ । (ऐजन पृष्ठ : १९८)

# अध्याय : तीन

# व्याख्या तथा विश्लेषण

## ३.१ परिचय

प्रस्तुत अध्यायमा वर्तमान नेपाली पाठ्यपुस्तक 'मेरो नेपाली किताब' कक्षा ५ र रसिलो नेपाली ५ मा समाविष्ट नमुना अभ्यासहरूको व्याख्या तथा विश्लेषण गरिएको छ ।

पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको व्याख्या तथा विश्लेषण सर्वप्रथम शब्दार्थबाट प्रारम्भ गरिएको छ । बोधगम्यताका दृष्टिले कठिन ठहरिएका शब्दहरूलाई पाठका अन्त्यमा शब्दार्थ वा शब्दको अर्थ शीर्षकअन्तर्गत राखिएको छ । ती शब्दको विवरण शब्दमा दिइएको अर्थको आधारमा तयार पारिएको छ । यसका लागि शब्दमा दिइएको अर्थलाई पर्यायवाची, पारिभाषिक, विपरीतार्थी, प्राविधिक, अनेकार्थी, अनुकरणात्मक र उखानटुक्का आदिमा विभाजन गरिएको छ । जस्तै :

पर्यायवाची : कर्म : काम, भाग्य (मेरो नेपाली किताब : पृष्ठ : २)

ढोका : दैलो, द्वार (रसिलो नेपाली पृष्ठः ५०

प्राविधिक : फाराम आवेदनपत्र, निवेदकले भर्नुपर्ने कागज (ऐजनः पृष्ठ ९७)

अनेकार्थक : पुतली : खेलौना, उड्ने किरा (मेरो नेपाली किताब पृष्ठ ४)

अनुकरणात्मक : फतक्क, भुसुक्क, झमक्क, फनक्क (ऐजन पृष्ठ : २१)

पारिभाषिक : गट्टा, केटाकेटी खेल्ने मसिना र गोला मिलेका ढुङ्गाका टुक्रा (ऐजन पृष्ठ : ५६)

पाठका अन्य अभ्यासहरूको व्याख्या तथा विश्लेषण गर्दा विधागत विषयवस्तु अन्तर्गत दिइएका अभ्यास र शब्दभण्डारसँग सम्बन्धित् अभ्यासको छुट्टाछुट्टै शीर्षक एवम् उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

विधागत विषयवस्तुमा आधारित अभ्यासहरूको विश्लेषण गर्दा प्रश्नहरूको तहमा कण्ठस्थ, बोध, प्रयोग र सिर्जनाजस्ता कुरालाई आधार मानिएको छ । पाठमा दिइएको विधागत विषयवस्तु घोकेर वा कण्ठ गरेर प्रश्नहरूको उत्तर दिनुपर्ने खालका अभ्यासलाई कण्ठस्थअन्तर्गत राखिएको छ ।

जस्तै : क) गीत गाउनेलाई के भनिन्छ ?

ख) वागीना कस्तो खाले पत्रिका हो ? (मेरो नेपाली किताब पृष्ठ ५४)

ग)  लक्ष्मीप्रसाद देवकोटाको जन्म .......... हो ।

घ)  देवकोटाले के-के लेखे ? (रसिलो नेपाली पृष्ठः६३)

त्यसैगरी पाठलाई ध्यानपूर्वक पढेर प्रश्नको जवाफ दिने किसिमका अभ्यासहरूलाई बोधसँग सम्बन्धित् अभ्यासअन्तर्गत राखिएको छ । यसबाट विद्यार्थीमा पढ्ने र बुझ्ने बानीको विकास गराउन सकिन्छ ।

जस्तै : क)  एकादशी भनेको हो ? (मेरो नेपाली किताब पृष्ठ : २२)

ख)  ठूलाबाबाको ठाउँमा तिमी भइदिएका भए के गर्थ्यौ ? (ऐजन)

ग)  बातावरणको प्रदूषण रोक्न केके गर्नुपर्ला ? (ऐजन)

अभ्यासलाई प्रयोगात्मक प्रश्नहरूको आधारमा पनि विश्लेषण गरिएको छ । कतिपय प्रश्नहरू विषयगत मात्र नभई वस्तुगत किसिमका पनि हुन्छन् । उदाहरणस्वरूप जोडा मिलाउने, ठीकबेठीक छुट्याउने, वाक्यमा प्रयोग गर्ने, खाली ठाउँ भर्ने, बहुबैकल्पिक प्रश्न, आदिलाई लिन सकिन्छ । यस्ता प्रश्नहरूमा समाविष्ट अभ्यासलाई विद्यार्थीले प्रयोगात्मक तवरबाट समाधान गर्नुपर्छ । यसबाट विद्यार्थीहरूमा खोजेर एवं धारणाबाट पढ्ने बानीको विकास हुन्छ ।

**जस्तै :**

क)  **ठीक/बेठीक छुट्ट्याऊ :**

१)  पासाङ्ल्हामु शेर्पाले सगरमाथामा आफ्नो प्राण त्यागिन् ।

२)  ठूलो काम गरेपछि नेपालको नाम संसारभरि फैलिन्छ । (रसिलो नेपाली ५ पृष्ठ : ५६)

**ख)  वाक्यमा प्रयोग गर ।**

सगरमाथा, माथि, सुनाखरी, हौसला, साथी (ऐजन पृष्ठ ५६)

**ग)  सर्वनाम शब्द राखी खाली ठाउँ भर ।**

१)  .................. ओमकारलाई साथी बनाउँछु ।

२)  .................. लुम्बिनी हेर्न जान्छौ । (ऐजन पृष्ठ : ५१)

विधागत विषयवस्तुमा आधारित अभ्यासमा सिर्जनात्मक तहका प्रश्नहरू पनि समावेश गरिएका छन् । सिर्जनात्मक अभ्यासका माध्यमबाट विद्यार्थीहरूमा सिर्जनशील बानीको विकास गराउन सकिन्छ ।

जस्तै : क) तिम्रो जीवनमा घटेको विर्सनै नसक्ने कुनै एउटा घटना ७५ शब्दमा लेख र कक्षाका साथीहरूलाई सुनाऊ । (ऐजन पृष्ठ : १८)

ख) तिमीलाई मन पर्ने ऋतुका बारेमा ७० शब्दसम्मको एउटा अनुच्छेद लेख वा कविता लेख । आफूले लेखेको कुरा कक्षाका साथीहरूलाई पनि सुनाऊ । ( ऐजन, पृष्ठ ३० )

व्याकरणसँग सम्बन्धित अभ्यासको विश्लेषण गर्दा भने अभ्यासमा दिइएका प्रश्नहरूलाई परिचयात्मक, धारणात्मक, प्रयोगात्मक, पहिचानात्मक गरी चार भागमा विभाजन गरिएको छ । अभ्यासमा भएका व्याकरणिक प्रश्नहरूको उत्तर दिँदा चिनारी वा जनाउ दिएमात्र पुग्ने किसिमका समस्यालाई परिचयात्मकअन्तर्गत समावेश गरिएको छ ।

जस्तै : क) लिङ्ग परिवर्तन गरी लेख ।

निवेदक ....................................

गायक ....................................

सञ्चालक .................................... (ऐजन पृष्ठ : ७८)

ख) प्रश्नवाचक र पूर्णविराम चिन्ह प्रयोग गरी ५/५ वटा वाक्य बनाऊ : (ऐजन पृष्ठ : १०६)

बोध र प्रयोगात्मकतर्फ विद्यार्थी आफैलाई व्याकरणिक नियम एवम् अभ्यासहरूलाई प्रयोग गरेर देखाउन भनिएका प्रश्नहरू समावेश गरिएको छ । यसअन्तर्गत अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने, सच्याएर लेख्ने समस्त शब्दको विग्रह गर्ने आदि प्रश्नहरूलाई स्थान दिइएको छ ।

जस्तै : १) तलका वाक्यांशहरूलाई वाक्यमा प्रयोग गर :

क) झमक्क हुनु ख) टनाटन भरिनु

ग) छताछुल्ल हुनु (ऐजन पृष्ठ :१५५)

२) वाक्यमा शब्दको क्रम मिलाऊ :

तिमीहरू बन्छौ ? नर्स भविष्यमा (ऐजन पृष्ठ १४४)

३) उदाहरणमा दिएजस्तै गरी शब्द बनाई तिनका अर्थ लेख :

क) ठुली आमा = ठूल्यामा (आमाकी दिदी वा बुबाकी भाउजु)

ख) कान्छी आमा = कान्छीआमा (रसिलो नेपाली पृष्ठ : १०१)

यस्तै प्रकारले पहिचानात्मकतर्फ व्याकरणिक अभ्यासमा समाविष्ट समस्याहरूलाई सम्बन्धित नियमका आधारमा छुट्ट्याउन लगाइएका प्रश्नहरूलाई समावेश गरिएको छ ।

जस्तै : क) पाठबाट 'स' प्रयोग भएका पाँचवटा र 'श' प्रयोग भएका तीनवटा शब्द खोजेर लेख । (ऐजन पृष्ठ : ६३)

ख) तल दिएका शब्दहरूमा सर्वनाम मात्र टिपी वाक्यमा प्रयोग गर :

कलम, म, खान्छु, भात, घर, हामी, त्यो, तिमी, घडी (ऐजन पृष्ठः५१)

भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषण गर्दा भाषाका चार ओटा सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) हरूलाई नै वर्गीकरणको आधारसमेत मानिएको छ ।

जस्तै : क) 'बोलबोल कोइली चरी' कविता लय हालेर पढः (ऐजन पृष्ठ : ४)

ख) तिमीले गरेको सबैभन्दा राम्रो काम के हो, ६० शब्दसम्मको एक अनुच्छेद लेख । (ऐजन, पृष्ठ : ३६)

ग) आफूसँगै बस्ने साथीसँग मिलेर 'हाम्रो स्कुल' भन्ने विषयमा ७० शब्दसम्मको एउटा संवाद बनाऊ र कक्षाका साथीहरूलाई सुनाऊ ।

घ) शुद्ध पारेर उच्चारण गर र कापीमा लेख ।

प्रधानध्यापक, माध्यमिक, महोत्सव (ऐजन, पृष्ठ ७६)

शब्दभण्डारसँग सम्बन्धित अभ्यासको विश्लेषण गर्दा पाठ्यक्रममा निर्धारण गरिएका शब्दभण्डारका किसिमहरूलाई नै वर्गीकरणको आधार मानिएको छ । शब्दहरूलाई पर्यायबाची, विपरीतार्थी पारिभाषिक, प्राविधिक, श्रुतिसमभिन्नार्थक, अनुकरणात्मक आदि समूहमा राखिएको छ ।

## ३.२ 'मेरो नेपाली किताव' कक्षा ५ मा प्रयुक्त नमुना अभ्यासहरूको व्याख्या तथा विश्लेषण

'मेरो नेपाली किताब सामुदायिक विद्यालयको कक्षा ५ को आधिकारिक नेपाली भाषापाठ्यपुस्तक हो । यसको उपयोग सामुदायिक विद्यालयहरूमा अनिवार्य रूपमा र संस्थागत विद्यालयहरूमा समेत आंशिक रूपमा प्रयोग भइरहेको पाइन्छ । यस पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरूको विश्लेषण निम्नानुसार गरिएको छ :

### ३.२.१ शब्दार्थको व्याख्या तथा विश्लेषण

**तालिका सङ्ख्या : १**

**कठिन शब्दको अर्थ प्रस्तुतीकरण विवरण**

| क.स. | शब्दको किसिम | शब्दसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | पर्यायवाची | 127 | 51.63 |
| 2 | पारिभाषिक | 97 | 39.43 |
| 3 | प्राविधिक | 6 | 2.43 |
| 4 | अनेकार्थ | 6 | 2.43 |
| 5 | अनुकरणात्मक | 6 | 2.03 |
| 6 | उखान/टुक्का | 5 | 2.06 |
| | जम्मा | 246 | 99.97 |

(खोज अध्ययनमा आधारित )

उपर्युक्त तालिकामा उल्लेख भएअनुसार कक्षा ५ को 'मेरो नेपाली किताबमा समाविष्ट २२ ओटा पाठको अन्त्यमा दिइएका कठिन शब्दार्थको सूचीमा जम्मा २४६ ओटा शब्दहरू समावेश गरिएका छन् । यी शब्दहरूलाई पर्यायवाची, पारिभाषिक, प्राविधिक, अनेकार्थ अनुकरणात्मक र उखानटुक्काको समूहमा विभाजन गरेर हेर्दा पर्यायवाचीतर्फ १२७ ओटा ( ५१.६२%) पारिभाषिकतर्फ ९७ (३९.४३%) प्राविधिकतर्फ ६ ओटा (२.४३%), अनेकार्थतर्फ ६ ओटा (२.४३%), अनुकरणात्मकतर्फ ५ ओटा (२.०३%) र उखान टुक्कातर्फ ५ ओटा (२.०३%) शब्दहरू रहेको पाइन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने पाठगत रूपमा समाविष्ट कठिन शब्दहरूमध्ये सबैभन्दा बढी हिस्सा पर्यायवाची शब्दको रहेको छ भने सबैभन्दा कम हिस्सा अनुकरणात्मक र उखान/टुक्कासँग सम्बन्धित रहेको देखिन्छ । पर्यायवाचीपछि पारिभाषिक शब्दको स्थान अगाडि रहेको देखिन्छ भने अन्य किसिमका शब्दहरूको स्थान न्यून रहेको देखिन्छ ।

### ३.२.२ विधासम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

**तालिका सङ्ख्या २**

**अभ्यासको विधागत तथा तहगत विवरण**

| क्र.सं. | विधा | विधागत सङ्ख्या | बोध | प्रयोगात्मक | सिर्जनात्मक | कण्ठस्थ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | कथा | 6 | 10 | 21 | 11 | 3 | 45 | 31.03 |
| 2 | निबन्ध | 3 | 14 | 12 | 13 | 1 | 40 | 27.58 |
| 3 | कविता | 6 | 20 | 10 | 7 | 5 | 42 | 28.96 |
| 4 | जीवनी | 1 | 3 | 1 | 2 | 1 | 7 | 4.82 |
| 5 | रूपक | 5 | 3 | 2 | 1 | 0 | 6 | 4.13 |
| 6 | चिठी | 1 | 2 | 2 | 1 | 0 | 5 | 3.44 |
| 7 | जम्मा | 22 | 52 | 48 | 35 | 10 | 145 | |
| | प्रतिशत | | 35.86 | 33.10 | 24.13 | 6.89 | | 100 |

(खोज अध्ययनमा आधारित)

कक्षा ५ को मेरो नेपाली किताबमा कथा, निबन्ध, कविता, जीवनी, रूपक र चिठीजस्ता विधागत पाठहरू समावेश गरिएका छन् । तालिका अनुसार विधागत पाठहरूलाई हेर्दा कथा ६, निबन्ध ३, कविता ६, जीवनी १, रूपक ५, चिठी १ गरी जम्मा २२ पाठहरू समावेश गरिएको पाइन्छ । यी पाठमा दिइएका नमुना अभ्यासलाई बोध, प्रयोगात्मक, सिर्जनात्मक र कण्ठस्थ विधामा विभाजन गरिएको छ । कथा विधामा बोधतर्फ १०, प्रयोगात्मकतर्फ २१, सिर्जनात्मकतर्फ ११, र कण्ठस्थतर्फ ३ गरी जम्मा ४५ ओटा (३१.०३%) अभ्यास समावेश गरिएको पाइन्छ । कथा विधामा बोधतर्फ भन्दा प्रयोगात्मक र सिर्जनात्मक अभ्यासमा बढी जोड दिइएको पाइन्छ भने कण्ठस्थतर्फको अभ्यासमा कम जोड दिइएको पाइन्छ ।

निबन्ध विधामा कण्ठस्थतर्फ एउटा मात्र अभ्यास दिइएको छ भने बोधतर्फ १४, प्रयोगात्मकतर्फ १२, सिर्जनात्मकतर्फ १३ गरी जम्मा ४० ओटा (२७.५८%) अभ्यास समावेश गरिएको छ । यसको तहगत विश्लेषण गर्दा बोधतर्फको अभ्यासमा बढी जोड र कण्ठस्थमा कम जोड दिइएको पाइन्छ भने सिर्जनात्मक र प्रयोगात्मक अभ्यासमा पनि प्रशस्त अभ्यासहरू दिइएको छ ।

निबन्ध विधामा कण्ठस्थतर्फ एउटा मात्र अभ्यास दिइएको छ भने बोधतर्फ १४, प्रयोगात्मकतर्फ १२, सिर्जनात्मकतर्फ १३ गरी जम्मा ४० ओटा (२७.५८%) अभ्यास समावेश गरिएको छ । यसको तहगत विश्लेषण गर्दा बोधतर्फको अभ्यासमा बढी जोड र कण्ठस्थमा कम जोड दिइएको पाइन्छ भने सिर्जनात्मक र प्रयोगात्मक अभ्यासमा पनि प्रशस्त अभ्यासहरू दिइएको छ ।

कविता विधा लयधर्मी विधा भएकाले लयबद्ध बाचन र श्रवण गरेर साहित्यिक आनन्द लिन सकिन्छ । यस विधा साहित्यिक रसास्वादनका लागि महत्वपूर्ण विधा भएकोले प्रा.वि. तहका बालबालिकालाई कविता वाचन साथै सिर्जना गर्नतर्फ प्रेरित गर्नुपर्ने हुन्छ । (नेपाली भाषा र साहित्य शिक्षणः पृष्ठ १८३) तालिकामा हेर्दा यस विधामा कुल प्रश्नसङ्ख्या ४२ ओटा मध्ये बोधतर्फ २०, प्रयोगात्मकतर्फ १०, सिर्जनात्मकतर्फ ७ र कण्ठस्थतर्फ ५ गरी जम्मा कुल प्रश्नको २८.९६ प्रतिशत रहेको  छ ।

जीवनी विधा विशिष्ट व्यक्तित्वका जीवनीलाई आधारमानी प्रस्तुत गरिन्छ । जीवनीका माध्यमबाट विशिष्ट व्यक्तित्वका जीवनी चरित्रको मौखिक तथा लिखित वर्णन गर्ने सीपको विकास गराउन सकिन्छ । यस विधामा मौखिक तथा लिखित अभिव्यक्तिको विकास गर्ने खालका मिलाएर सारांश लेखन, व्याख्या गर्ने, भाव प्रस्ट पार्ने, सिलसिला मिलाएर घटनाक्रमको प्रस्तुति गर्ने, भाव प्रष्ट गर्ने खालका अभ्यासहरू समावेश गर्नु सान्दर्भिक देखिन्छ । यस (१९७) पाठ्यपुस्तकमा एउटा मात्र जीवनी समावेश गरिएको  छ । बोधतर्फ ३, प्रयोगात्मकतर्फ १, सिर्जनात्मकतर्फ २, कण्ठस्थतर्फ १, गरी जम्मा ७ प्रश्नहरू समावेश गरिएका छन् कुल प्रश्न सङ्ख्याको ४.८२ प्रतिशत रहेको छ ।

रूपक विधा नेपाली साहित्यका क्षेत्रमा रोचक र प्रभावकारी मानिन्छ । रूपक अन्तर्गत संवाद र वादविवादलाई प्रा.वि. तहको पाठ्यक्रमअनुसार कक्षा ५ को नेपाली किताबमा समेटिएको छ । रूपक शिक्षणको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमता बढाउनु हो । (ऐजनः पृष्ठ १९०) मेरो नेपाली किताब कक्षा ५ को नेपाली भाषापाठ्यपुस्तकमा जम्मा रूपकको सङ्ख्या ५ रहेको छन् । यसमा समाविष्ट नमुना अभ्यासमा बोधतर्फ ३, प्रयोगात्मकतर्फ २, सिर्जनात्मकतर्फ १, कण्ठस्थतर्फ कुनैपनि अभ्यास नभएको देखिन्छ । कुल प्रश्नसङ्ख्या ६ कुल प्रश्नसङ्ख्याको ४.१३% रहेको देखिन्छ ।

चिठी लिखित माध्यमद्वारा विचार विनियम गर्ने माध्यम हो । यो एक अर्काको अनुभव आदानप्रदान गरी सम्बन्ध विकास गर्ने माध्यम पनि हो । विद्यार्थीमा चिठीद्वारा बैयक्तिक स्वतन्त्र अभिव्यक्तिको विकास गरी कुनै पनि सन्देश अरूले राम्ररी बुझ्न सकून भन्ने लेखाइ, भन्न चाहेको कुराको स्पष्टरूपमा अभिव्यक्ति, आदर, सम्मान, अभिवादन गरी लेख्न सक्ने खुबीको विकास हुन्छ । पाठमा प्रयुक्त चिठी तथा निवेदनको शिक्षण गर्दा तिनलाई नमुनाका रूपमा उपयोग गरी तिनको ढङ्ग, ढाँचा र विभिन्न अङ्गको सोदाहरण परिचय समेत दिनुपर्दछ । (प्रा.शि.पा. २०४९)

चिठी विधामा पनि कण्ठस्थतर्फ अभ्यास राखिएको छैन भने बोधतर्फ २, प्रयोगात्मकतातर्फ २, सिर्जनात्मकतर्फ १ गरी जम्मा ५ प्रश्नहरू (२.४४%) प्रश्नहरू समावेश गरिएका छन् ।

अभ्यासको तहगत वितरणको आधारमा कण्ठस्थतर्फ १०(६.८९%), सिर्जनात्मकतर्फ ३५(२४.१३%), बोधतर्फ ५२(३५.८६%) गरी जम्मा १४५ ओटा अभ्यासहरू समाविष्ट छन् । यसरी हेर्दा बोधमा बढी जोड दिइएको र त्यसपछि प्रयोगात्मक र सिर्जनात्मक अनि कण्ठस्थमा आधारित अभ्यासहरूमा जोड दिइएको पाइन्छ । बोधमा बढी जोड दिदा विद्यार्थीहरूमा घोक्ने बानीको विकास नभई सिर्जना गर्ने बानीको विकास हुने हुँदा यस्ता खालका अभ्यासहरू समावेश गर्नु राम्रो हुन्छ ।

### ३.२.३ व्याकरणसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

**तालिका सङ्ख्याः ३**

**व्याकरणसँग सम्बन्धित अभ्यासहरूको शीर्षकगत विवरण**

| क्र.सं. | व्याकरण | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | पदसङ्गति | | 1 | 2 | 3 | 6 | 11=31 |
| 2 | वर्णविन्यास | | 1 | 5 | 1 | 7 | 13=20 |
| 3 | काल | 1 | 1 | 1 | 1 | 4 | 7=54 |
| 4 | शब्दवर्ग | 1 | | 6 | 5 | 12 | 22=64 |
| 5 | लिङ्ग | | | | 1 | 1 | 1=88 |
| 6 | विभक्ति | 1 | 1 | 1 | | 3 | 5=66 |
| 7 | वचन | | | 1 | 2 | 3 | 5=66 |
| 8 | करण/ अकरण | | | 1 | 1 | 2 | 3=77 |
| 9 | शब्दभण्डार | | 2 | 1 | 6 | 9 | 16=98 |
| 10 | लेख्य चिन्ह | | | 2 | 4 | 6 | 11=32 |
| | जम्मा | 3 | 6 | 20 | 24 | 53 | |
| | प्रतिशत | 5=66 | 11=32 | 37=73 | 45=28 | | |

(खोज अध्ययनमा आधारित)

व्याकरणसम्बन्धी अभ्यासलाई हेर्दा पदसङ्गतिसम्बन्धी अभ्यास जम्मा ६ ओटा (११.३२%), वर्णविन्याससम्बन्धी अभ्यास ७ ओटा (१३.२०%) कालसँग सम्बन्धित अभ्यास जम्मा ४ ओटा ( (७.५४%) शब्दवर्गसँग सम्बन्धित अभ्यास जम्मा १२ ओटा (२२.६४%), लिङ्गसम्बन्धी १ मात्र (१.८८%), विभक्तिसम्बन्धी अभ्यास जम्मा ३ ओटा (५.६६%), वचनसम्बन्धी अभ्यास ३ (५.६६%), करण/अकरण सम्बन्धी अभ्यास २ ओटा (३.७७%), शब्दभण्डारसँग सम्बन्धित अभ्यास ९ ओटा (१६.९८%) र लेख्यचिन्हसँग सम्बन्धित अभ्यास ६ ओटा (११.३२%) रहेको देखिन्छ । यसरी व्याकरणसँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या जम्मा ५३ ओटा रहेको देखिन्छ । यी मध्ये सबैभन्दा बढी शब्दवर्ग (नाम, सर्वनाम, विशेषण, क्रिया र अव्यय) सँग सम्बन्धित् अभ्यासहरू रहेका छन् भने त्यसपछि क्रमशः शब्दभण्डार, लेख्यचिन्ह,

वर्णविन्यास, काल, विभक्ति, बचन सम्बन्धी अभ्यासहरू भएको तथ्य माथिको तथ्याङ्कबाट स्पष्ट हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने विद्यार्थीवर्गलाई व्याकरणका आधारभूत कुरा सिकाउन सम्बन्धित् अभ्यासहरू प्रशस्त मात्रामा दिइएको छन् भने शब्दभण्डारको क्षमतामा वृद्धि गर्न कक्षा ५ को मेरो नेपाली शब्दभण्डारसम्बन्धी अभ्यासहरूमा जोड दिइएको देखिन्छ ।

उपर्युक्त वर्गीकरणबाट हेर्दा परिचयात्मक अभ्यासतर्फ जम्मा ६(११.३२), प्रयोगात्मक अभ्यासतर्फ जम्मा २० (३७.७३%) र पहिचानात्मकतर्फ जम्मा २४(४५.२८) गरी जम्मा ५३ ओटा अभ्यासहरू रहेको देखिन्छ । यस तालिकाको तथ्यगत विश्लेषणबाट विचार गर्दा पहिचानात्मक र प्रयोगात्मक अभ्यासको सङ्ख्या सबभन्दा बढी अनि त्यसपछि धारणात्मक र परिचयात्मक सम्बन्धी अभ्यासको सङ्ख्या रहेको देखिन्छ ।

## ३.२.४ भाषिक सीपसम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या : ४

भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको विवरण

| क्र.सं. | विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | कविता | 5 | 10 | 7 | 24 | 46 | 18=11 |
| 2 | कथा | 7 | 21 | 13 | 40 | 81 | 31=88 |
| 3 | निबन्ध | 2 | 17 | 14 | 33 | 66 | 25=98 |
| 4 | जीवनी | | 2 | 1 | 6 | 9 | 3=54 |
| 5 | रूपक | 2 | 9 | 8 | 24 | 43 | 16=92 |
| 6 | चिठी/निवेदन | | 3 | 1 | 5 | 9 | 3=54 |
| | जम्मा | 16 | 62 | 44 | 132 | 254 | |
| | प्रतिशत | 6=29 | 24=40 | 17=32 | 51=96 | | |

(खोज अध्ययनमा आधारित)

तालिकामा विधागत रूपमा भाषिक सीपसँग सम्बन्धित अभ्यासको तथ्यगत विश्लेषण गरिएको छ । यसअनुसार कविता विधामा सुनाइसँग सम्बन्धित ५ बोलाइसँग सम्बन्धित १०, पढाइसँग ७, लेखाइसँग २४ गरि जम्मा ४६ ओटा (१८.११%) अभ्यास दिइएका छन् । कथा विधातर्फ सुनाइसँग सम्बन्धित ७, बोलाइसँग सम्बन्धित २१ पढाइसँग सम्बन्धित १३ र लेखाइसँग सम्बन्धित अभ्यास ४० गरी जम्मा ८१ ओटा (३१.८८%) अभ्यासहरू रहेकाछन् निबन्धतर्फ सुनाइसँग सम्बन्धित सीप २, बोलाइसँग सम्बन्धित १७ पढाइसँग सम्बन्धित सीप १४ र लेखाइसँग सम्बन्धित सीप ३३ गरी जम्मा ६६ ओटा (२५.९८%) अभ्यासहरू दिइएका छन् । जीवनी विधातर्फ हेर्दा सुनाइसँग सम्बन्धित अभ्यास दिइएको छैन, भने बोलाइसँग २, पढाइसँग १, लेखाइसँग ६ गरी जम्मा ९ ओटा (३.५४%) अभ्यासहरू दिइएका छन् ।

रूपक विधाअन्तर्गत सुनाइ सीपसँग सम्बन्धित् २, बोलाइसँग सम्बन्धित् ९, पढाइसँग सम्बन्धित ८, लेखाइसँग २४, गरी जम्मा ४३ (१६.९२%) अभ्यास दिइएका छन् त्यस्तै

चिठी/निवेदन विधामा सुनाइ सीपसँग सम्बन्धित सीप दिइएको छैन भने बोलाइ सीपसँग सम्बन्धित सीप ३, पढाइ सीपसँग सम्बन्धित सीप १, लेखाइ सीपसँग सम्बन्धित् सीप ५ गरी जम्मा ९, ओटा (३.५४%) अभ्यासहरू दिइएका छन् । यस आधारमा भाषिक सीपसँग सम्बन्धित अभ्यास सबैभन्दा बढी कथा विधामा र सबैभन्दा कम जीवनी र चिठी विधामा रहेको पाइन्छ । विधागत अङ्कभारका आधारमा हेर्दा भने सबै विधामा समानुपातिक तवरबाट अभ्यासलाई राखिएको पाइँदैन ।

भाषिक सीपका आधारमा हेर्दा सुनाइतर्फ १६ ओटा (६.२९%) बोलाइतर्फ ६२ (२४.४०%) पढाइसँग सम्बन्धित सीप ४४ ओटा (१७.३२%) लेखाइसँग सम्बन्धित १३२ ओटा (५१.९६%) अभ्यास समाविष्ट रहेको पाइन्छ । यस तथ्यको विश्लेषण गर्दा लेखाइ सीपसँग सम्बन्धित अभ्यास प्रशस्त मात्रामा समाविष्ट गरिएको र अन्य सीपसँग सम्बन्धित अभ्यासलाई बढी उपेक्षा गरिएको जस्तो देखिन्छ । प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रममा लेखाइ सीपलाई बढी जोड दिइएको छ । पाठ्यक्रमको मर्मअनुसार कक्षा ५ को मेरो नोपाली किताबले लेखाइबाहेकका अन्य सीपहरूलाई नमुना अभ्यासको रूपमा समुचित रूपले समावेश गराउन सकेको देखिँदैन ।

## ३.३ 'रसिलो नेपाली ५' मा प्रयुक्त नमुना अभ्यासहरूको व्याख्या तथा विश्लेषण

रसिलो नेपाली - ५ नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, सानोठिमीद्वारा कक्षा-५ का लागि निर्धारण गरिएको पाठ्क्रममको मर्मलाई समातेर तयार पारिएको हो । यसलाई संस्थागत विद्यालयहरूले पाठ्यसामग्रीको रूपमा प्रयोग गर्दै आएको पाइन्छ । यस पाठयपुस्तकमा समाविष्ट नमुना अभ्यासको विश्लेषण निम्नानुसार गरिएको छ :

### ३.३.१ कठिन शब्दका अर्थको प्रस्तुतीगत विवरण

**तालिका सङ्ख्या ५**

कठिन शब्दका अर्थको प्रस्तुतीगत विवरण

| क्र.सं. | शब्दको किसिम | शब्दसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| 1 | पयार्यवाची | 77 | 60=62 |
| 2 | पारिभाषिक | 22 | 17=62 |
| 3 | अनेकार्थक | 7 | 5=51 |
| 4 | अनुकरणात्मक | | |
| 5 | उखान/टुक्का | 3 | 2=36 |
| 6 | प्राविधिक | 8 | 6=29 |
| 7 | अन्य | 10 | 7=87 |
| | जम्मा | 127 | 100 |

(खोज अध्ययनमा आधारित)

उपर्युक्त तालिकामा 'रसिलो नेपाली-५ मा प्रत्येक पाठको अन्त्यमा राखिएका कठिन शब्दहरूको तथ्याङ्कीय सूचना प्रस्तुत गरिएको छ । यस भाषा पाठ्यपुस्तकको पाठको अन्त्यमा जम्मा १२७ ओटा कठिन शब्दहरूको अर्थ दिइएको छ, जसमध्ये पर्यायवाची शब्द ७७ ओटा (६०.६२%), पारिभाषिक २२ ओटा (१७.३२%), अनेकार्थ ७ (५.५१%), अनुकरणात्मक शब्दहरू राखिएको पाइँन्दैन भने उखान/टुक्काहरू जम्मा ३ ओटा (२.३६%) र उक्त तालिकाको शब्दका किसिममा नपरेका अन्य शब्दहरू १० ओटा (७.८७%) रहेको देखिन्छ । शब्दार्थको तथ्यगत विवरणलाई मनन गर्दा पर्यायवाची शब्दहरू नै अधिक रहेको पाइन्छ भने अन्य शब्दहरूको सङ्ख्या पर्यायावाची शब्दका तुलनामा कम भएको देखिन्छ ।

### ३.३.२ विधा सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या ६

अभ्यासहरूको विधागत तथा तहगत विवरण

| क्र.सं. | विधा | विधागत सङ्ख्या | कण्ठस्थ | बोध | प्रयोगात्मक | सिर्जनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | कविता | 5 | 6 | 32 | 25 | 22 | 85 | 28=52 |
| 2 | कथा | 5 | 2 | 17 | 5 | 10 | 34 | 11=40 |
| 3 | निबन्ध/ प्रबन्ध | 2 | 8 | 39 | 24 | 19 | 90 | 30=20 |
| 4 | जीवनी | 1 | 1 | 5 | 2 | 5 | 13 | 4=36 |
| 5 | रूपक | 3 | 1 | 18 | 11 | 11 | 41 | 13=75 |
| 6 | चिठी/ निवेदन | 2 | 2 | 13 | 12 | 8 | 35 | 11=84 |
| | जम्मा | 18 | 20 | 124 | 79 | 75 | 298 | |
| | प्रतिशत | 6=04 | 6=71 | 41=61 | 26=50 | 25=16 | | |

(खोज अध्ययनमा आधारित)

प्रस्तुत तालिकामा विधासँग सम्बन्धित अध्यासहरूको तथ्यगत सूचना देखाइएको छ । तालिकाअनुसार रसिलो नेपाली-५ मा जम्मा पाठहरू १८ ओटा रहेका छन् । कथा विधामा जम्मा ५ ओटा, कविता ५ ओटा, निबन्ध ५ ओटा, जीवनी १, रूपक ३, चिठी /निवदेन २ ओटा रहेको छन् । पाठैपिच्छे छुट्टाछुट्टै नमुना अभ्यासको तहगत विवरणलाई हेर्दा कविता विधामा कण्ठस्थसँग सम्बन्धित अभ्यास ६, बोधसँग सम्बन्धित अभ्यास ३२, प्रयोगात्मक अभ्यास २५, सिर्जनात्मक अभ्यास २२ गरी जम्मा ९० ओटा (२८%) अभ्यासहरू रहेको छन् ।

विधामा समावेश गरिएका अभ्यासको प्रविष्टिलाई हेर्दा बोधसँग सम्बन्धित अभ्यासहरू बढी र कण्ठस्थसम्बन्धी अभ्यासहरू कम रहेको देखिन्छ ।

कथा विधाअन्तर्गत कण्ठस्थतर्फ २, बोधतर्फ १७, प्रयोगात्मकतर्फ ५, सिर्जनात्मकतर्फ १०, गरी जम्मा ३९ अर्थात् ११.४० प्रतिशत अभ्यासहरू रहेका छन् । कविता विधामाजस्तै कथा विधामा पनि बोधतर्फ बढी अभ्यासहरू रहेका छन् भने कण्ठस्थ गर्ने किसिमका अभ्यासको सङ्ख्या कम रहेको छ ।

प्रबन्ध निबन्ध विधासँग सम्बधित अभ्यासहरूको तथ्यगत सूचनाको विश्लेषण गर्दा कण्ठस्थसँग सम्बन्धित अभ्यासहरूको तथ्यगत सूचनाको विश्लेषण गर्दा कण्ठस्थसँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या ८, बोधसँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या ३९, प्रयोगात्मकसँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या २४, सिर्जनात्मक अभ्यासको सङ्ख्या १९ गरी जम्मा ९० ओटा (३०.२०%) अभ्यासहरू रहेका छन् ।

जीवनी विधामा समावेश भएका अभ्यासहरूको तथ्यगत सूचनाहरूको विश्लेषण गर्दा कण्ठस्थसँग सम्बन्धित १, बोधसँग सम्बन्धित ५, प्रयोगात्मक २, सिर्जनात्मक ५ गरी जम्मा १३ (४.३६%) ओटा अभ्यासहरू रहेका छन् । यसमा बोधसँग सम्बन्धित र सिर्जनात्मक अभ्यासँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या बराबर अर्थात् ५/५ ओटा देखिन्छ ।

त्यस्तै रूपक विधासँग सम्बन्धित अभ्यासहरूको विश्लेषण गर्दा कण्ठस्थतर्फ १, बोधतर्फ १८, प्रयोगात्मकतर्फ ११, सिर्जनात्मकतर्फ ११ गरी जम्मा ४३ ओटा (१३.७५%) अभ्यासहरू देखिन्छ । यस विधामा पनि बोधतर्फ १८ ओटा अभ्यासहरू दिइएकाले अन्य अभ्यासको तुलनामा बोधकै सङ्ख्या बढी देखिन्छ ।

चिठी निवेदनमा समाविष्ट अभ्यासहरूको व्याख्या तथा विश्लेषण गर्दा कण्ठस्थतर्फ २, बोधतर्फ, १३, प्रयोगात्मकतर्फ १२, सिर्जनात्मकतर्फ ८ गरी जम्मा ३५ ओटा अर्थात ११.७४ प्रतिशत अभ्यासहरू रहेका छन् ।

यसरी समग्र तथ्याङ्कीय सूचनालाई हेर्दा बोधतर्फका अभ्यासहरूले अन्य अभ्यासका तुलनामा बढी प्रविष्टि पाएको देखिन्छ । प्रयोग पक्षका अभ्यासहरूले दोस्रो स्थान पाएको देखिन्छ भने सबैभन्दा कम स्थान कण्ठस्थसँग सम्बन्धित अभ्यासहरूले पाएको देखिन्छ । यसबाट बोध पक्षलाई महत्व दिएको सहजै देखिन्छ ।

'रसिलो नेपाली - ५' मा रहेका कथा, कविता, निबन्ध, जीवनी संवाद, चिठी, वादविवाद सबै विधाका १८ ओटा पाठमा समाविष्ट सबै अभ्यासहरूको समग्र तथ्याङ्कीय सूचनाको आधारमा विश्लेषण गर्दा कण्ठ गरेर उत्तर लेख्नुपर्ने अभ्यासहरू जम्मा २०(६.७१%), बोधात्मक अभ्यास जम्मा १२४(४१.६०%), प्रयोगात्मक अभ्यास अन्तर्गत ७९(२६.५०%) सिर्जनात्मकतर्फ ७५(२५.१६%) अभ्यासहरू समावेश गरिएको पाइन्छ । यस तथ्यबाट

बोधात्मक प्रश्नको बाहुल्य अत्यधिक रहेको छ भन्ने कुरा स्पष्ट हुन्छ । तथ्यगत वितरणका आधारमा हेर्दा बोधतर्फ सबैभन्दा बढी त्यसपछि क्रमश प्रयोगात्मक, सिर्जनात्मक र कण्ठस्थसँग सम्बन्धित अभ्यासहरू रहेका छन् ।

### ३.३.३ व्याकरण सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या : ७

व्याकरणसँग सम्बन्धित अभ्यासहरूको शीर्षकगत विवरण

| क्र. सं. | व्याकरण | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचनात्मक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | शब्दवर्ग | | | 10 | 20 | 30 | 33=33 |
| 2 | शब्दभण्डार | | | | 8 | 8 | 8=88 |
| 3 | करण/ अकरण | | | 1 | 1 | 2 | 2=22 |
| 4 | लेख्य चिन्ह | | | 2 | 5 | 7 | 7=77 |
| 5 | काल | | | 1 | 2 | 3 | 3=33 |
| 6 | विभक्ति | | | 1 | 3 | 4 | 4=44 |
| 7 | वचन | | 1 | | 2 | 3 | 3=33 |
| 8 | समास/ विग्रह | | 1 | 6 | 6 | 13 | 14=44 |
| 9 | शब्द निर्माण | | | 1 | 1 | 2 | 2=22 |
| 10 | लिङ्ग | | | 2 | 2 | 4 | 4=44 |
| 11 | वर्णविन्यास | | | 2 | 6 | 8 | 8=88 |
| 12 | उखान/ टुक्का | | 2 | 3 | 1 | 6 | 6=66 |
| | जम्मा | | 4 | 29 | 57 | 90 | |
| | प्रतिशत | | 4=44 | 32=22 | 63=33 | | |

(खोज अध्ययनमा आधारित)

उपर्युक्त तालिका अनुसार व्याकरण उपशीर्षकहरूमा समाविष्ट अभ्यासको तथ्यगत विश्लेषण गर्दा शब्दवर्ग वा पदवर्गसँग सम्बन्धित अभ्याससँग सम्बन्धित नमुना अभ्यास वा नाम, सर्वनाम, विशेषण, क्रियापद, अव्ययसँग सम्बन्धित् अभ्यासहरूको विश्लेषण गर्दा धारणात्मक र परिचयात्मक अभ्यासहरू शून्य छन् भने प्रयोगात्मकतर्फ १० र पहिचानात्मक तर्फ २० गरी जम्मा ३० ओटा (३३.३३%) अभ्यासहरू रहेका छन् । शब्दभण्डारअन्तर्गत पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी आदि शब्दहरूलाई राखिएको छ । जसमा परिचयात्मक धारणात्मक र प्रयोगात्मक अभ्यासहरू समावेश गरिएको पाइँदैन भने पहिचानात्मकतर्फ ८(८.८८%) ओटा अभ्यासहरू समावेश गरिएको पाइन्छ । करण/अकरणतर्फ प्रयोगात्मक १, पहिचानात्मक १ गरी जम्मा २ ओटा (२.२२%) अभ्यासहरू

रहेको देखिन्छन् । लेख्य चिन्ह सम्बन्धी अभ्यासहरूमा प्रयोगात्मकतर्फ २, पहिचानात्मकतर्फ ५ गरी जम्मा ७ ओटा (७.७७%) अभ्यासहरू रहेका छन् । त्यस्तै कालसँग सम्बन्धित वाक्यात्मक अभ्यासहरू नराखिए पनि क्रियापदहरूबाट कालअनुसारका क्रियापद छुट्याउनु पर्ने र वाक्यमा प्रयोग गर्नुपर्ने किसिमका अभ्यासहरू समाविष्ट भएको पाइन्छ । जसमा प्रयोगात्मकतर्फ १, पहिचानात्मकतर्फ २ गरी जम्मा ३ (३.३३%) अभ्यासहरू दिइएका छन् । विभक्ति चिन्हसम्बन्धी अभ्यासहरूमा विभक्ति चिन्हको वाक्यमा प्रयोग गर्ने, खाली ठाउँमा विभक्ति भर्नेजस्ता अभ्यासहरू समाविष्ट छन् । जसअन्तर्गत प्रयोगात्मतर्फ १, पहिचानात्मकतर्फ ३ गरी जम्मा ४ ओटा अभ्यासहरू समावेश गरेको पाइन्छ । वचनसम्बन्धी अभ्यासहरूमा धारणात्मकतर्फ १, पहिचानात्मकतर्फ २ गरी जम्मा ३ ओटा अर्थात ३.३३ प्रतिशत अभ्यासहरू राखिएका छन् । समास वा विग्रहसम्बन्धी अभ्यासहरूमा धारणात्मकतर्फ १, प्रयोगात्मकतर्फ ६, पहिचानात्मकतर्फ ६ गरी जम्मा १३ (१४.४४%) ओटा अभ्यासहरू समाविष्ट रहेका छन् । प्रत्यय जोडेर (जस्तै : रस+इलो=रसिलो) शब्द निमार्ण गर्ने किसिमका अभ्यासहरू पनि पाठ्यपुस्तकमा छन् । जसमा प्रयोगात्मकतर्फ १, पहिचानात्मकतर्फ १ गरी जम्मा २ ओटा (२.२२%) अभ्यासहरू छन् । स्त्रीलिङ्ग र पुलिङ्ग जनाउने शब्दहरू छुट्ट्याउने वाक्य परिवर्तन गर्ने जस्ता अभ्यासहरूमा प्रयोगात्मकतर्फ २, पहिचानात्मकतर्फ २ गरी जम्मा ४ (४.४४%) ओटा अभ्यासहरू पाठ्यपुस्तकमा समाविष्ट छन् )

वर्णविन्याससँग सम्बन्धित अभ्यासहरू प्रयोगात्मकतर्फ २, पहिचानात्मकतर्फ ६ गरी जम्मा (८.८८%) ओटा अभ्यासहरू रहेको पाइन्छ । उखान/टुक्कासँग सम्बन्धित अभ्यासहरूको व्याख्या तथा विश्लेषण गर्दा परिचयात्मकसँग सम्बन्धित अभ्यासहरूको व्याख्या तथा विश्लेषण गर्दा परिचयात्मकतर्फ २, प्रयोगात्मकतर्फ ३, पहिचानात्मक तर्फ १ गरी जम्मा ६ ओटा (६.६६%) अभ्यासहरू पाइन्छ ।

उक्त तथ्यगत प्रविष्टिलाई हेर्दा शब्दवर्गसँग सम्बन्धित अभ्यासलाई बढी महत्व दिइएको पाइन्छ । त्यसैगरी समास र विग्रह गर्ने खालका अभ्यासहरूको सङ्ख्या दोस्रो स्थानमा देखिन्छन् ।

जस्तै : क) तलका भिन्नाभिन्नै शब्दलाई एउटै शब्द बनाऊ

१) भान्साका लागि घर =भान्साघर

२) घरको सल्लाह

३) फुलको बारी

त्यसपछि वर्णविन्यास र शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरूको बाहुल्यता भेटिन्छ । अन्य अभ्यासहरू सँगसँगै लेख्य चिन्हसँग सम्बन्धित र उखान टुक्कासँग सम्बन्धित अभ्यासहरू पनि प्रशस्तमात्रामा रहेका छन् ।

माथिको तालिकामा गरिएको वर्गीकरणका आधारमा परिचयात्मक अभ्यासहरूको स्थिति शून्य भेटिन्छ भने धारणात्मकतर्फ ४(४.४४%) प्रयोगात्मकतर्फ २९(३२.२२%),

पहिचानात्मकतर्फ ५७ ओटा (६३.३३%) अभ्यासहरू समावेश भएको पाइन्छ । यसरी हेर्दा सबैभन्दा बढी पहिचानात्मक अभ्यासहरूको बाहुल्य देखिन्छ । व्याकरण पक्षको अभ्यासलाई महत्व दिन पाठबाट, उदाहरणबाट खोजेर शब्दहरू पत्ता लगाई पहिचानात्मक क्षमताको बृद्धि गर्ने र उक्त पत्ता लगाएका शब्द वा वाक्यहरूलाई प्रयोग गर्न सिकाउने उद्देश्यले 'रसिलो नेपाल - ५' मा प्रशस्त व्याकरणिक अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

### ४.३.४ भाषिक सीप सम्बन्धी अभ्यासको व्याख्या तथा विश्लेषण

तालिका सङ्ख्या : ८

भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको विवरण

| क्र.सं. | विधा | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| 1 | कविता | 12 | 12 | 11 | 68 | 103 | 30.11 |
| 2 | कथा | 5 | 8 | 15 | 64 | 92 | 26.90 |
| 3 | निबन्ध | 2 | 8 | 8 | 38 | 56 | 16.37 |
| 4 | जीवनी | 2 | 2 | 2 | 13 | 19 | 5.55 |
| 5 | रूपक | 4 | 6 | 5 | 19 | 34 | 9.94 |
| 6 | चिठी/निवेदन | 3 | 2 | 5 | 27 | 38 | 11.11 |
| | जम्मा | 28 | 39 | 46 | 229 | 342 | |
| | प्रतिशत | 8.18 | 11.40 | 13.45 | 66.95 | | |

(खोज अध्ययनमा आधारित)

तालिकामा विधागत रूपमा भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको तथ्यगत विश्लेषण गरिएको छ । भाषिक सीप अन्तर्गत कविता विधामा सुनाइसँग सम्बन्धित १२, बोलाइसँग सम्बन्धित १२, पढाइसँग सम्बन्धित ११ र लेखाइसँग सम्बन्धित ६८ गरी जम्मा १०३ (३०.११%) ओटा अभ्यासहरू समावेश गरिएको पाइन्छ । त्यसैगरी कथा विधामा सुनाइसँग सम्बन्धित ५, बोलाइसँग सम्बन्धित ८, पढाइसँग सम्बन्धित १५ र लेखाइसँग सम्बन्धित ६४ गरी जम्मा ९२ ओटा (२६.९०%) अभ्यासहरू रहेका छन् । निबन्ध/प्रबन्ध विधातर्फ भने सुनाइमा २, बोलाइमा ८, पढाइमा ८, लेखाइमा ३८ गरी जम्मा ५६ (१६.३७%) अभ्यासहरू रहेका छन् । जीवनी विधा एउटा मात्र सङ्ख्यामा रहेको छ । यसमा सुनाइमा २, बोलाइमा २, पढाइमा २ र लेखाइमा १३ गरी जम्मा १९ (५.५५%) अभ्यासहरू रहेका छन् । रूपक विधा अन्तर्गत सुनाइसँग सम्बन्धित ४, बोलाइसँग सम्बन्धित ६, पढाइसँग सम्बन्धित ५ र लेखाइसँग सम्बन्धित १९ गरी जम्मा ३४ (९.९४%) ओटा अभ्यासहरू रहेका छन् । त्यसैगरी चिठी/निवेदन विधातर्फ सुनाइसँग सम्बन्धित अभ्यास ३, बोलाइसँग सम्बन्धित अभ्यास ३, पढाइसँग सम्बन्धित अभ्यास ५ र लेखाइसँग सम्बन्धित २७ गरी जम्मा ३८ (११.११%) नमुना अभ्यासहरू समावेश छन् ।

उक्त विश्लेषणलाई दृष्टिगत गर्दा सबै विधामा लेखाइसँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या सबैभन्दा बढी देखिन्छ भने सबैभन्दा कम सुनाइसीपसँग सम्बन्धित अभ्यासहरू रहेको

देखिन्छ । विधागत रूपमा हेर्दा भाषिक सीप अन्तर्गत कविता विधामा लेखाइसँग सम्बन्धित अभ्यास अन्य विधाका तुलनामा सबैभन्दा बढी देखिन्छ । सबै विधामा समावेश गरिएका भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूमा सुनाइ सीपतर्फ २८ ओटा (८.१८%), बोलाइ सीपसँग सम्बन्धित ३९ ओटा (११.४०%) पढाइ सीपसँग सम्बन्धित ४६(१३.४५%) र लेखाइ सीपसँग सम्बन्धित अभ्यासहरू जम्मा २२९ कुल प्रश्नहरूसङ्ख्याको ६६.९५ प्रतिशत रहेको पाइन्छ । यसबाट रसिलो नेपाली - ५ मा सुनाइभन्दा बोलाइ, बोलाइभन्दा पढाइ, पढाइभन्दा लेखाइमा आधारित अभ्यासहरूलाई क्रमशः प्राथमिकता दिइएको देखिन्छ ।

उक्त अभ्यासहरूमा पाठ्यक्रमले निर्धारण गरेको सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकास गर्ने गरी तालमेल मिलाइएका भए पनि मेरो नेपाली किताबमा केही उद्देश्यहरूलाई पूरा गर्ने खालका नमुना अभ्यासहरू समावेश गर्न छुटाइएको देखिन्छ । जति अभ्यासहरू दिइएका छन् ती सबैले पाठ्यक्रमको मर्मलाईआत्मसात गरेको नै देखिन्छ भने रसिलो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूले पाठ्यक्रमले तोकेको सबै उद्देश्यहरूलाई समेटेर सङ्ख्यात्मक रूपमा प्रशस्त अभ्यासहरू समावेश गरिएको देखिन्छ ।

# अध्याय : चार

## कक्षा ५ को 'मेरो नेपाली किताब र रसिलो नेपाली -५ मा समाविष्ट नमुना अभ्यासहरूको तुलना

यसभन्दा अगाडिको अध्यायमा मेरो नेपाली किताब र रसिलो नेपाली कितावमा दिइएका नमुना अभ्यासको विभिन्न कोणबाट छुट्टाछुट्टै व्याख्या एवम् विश्लेषण गरी सकिएको छ । यस अध्यायमा उक्त दुवै पाठ्यपुस्तकभित्र समेटिएका नमुना अभ्यासलाई नै प्रमुख तथ्याङ्कीय स्रोत मानी सङ्कलन गरिएको सूचनाका आधारमा व्याख्या विश्लेषण र तुलनासमेत तयार पारिएको छ ।

व्याख्या विश्लेषणमा झैँ तुलनात्मक अध्ययनमा पनि दुवै पाठ्यपुस्तकमा दिइएका शब्दार्थ, अभ्यास, व्याकरण, भाषिक सीपगत अभ्यासको तुलनात्मक ढङ्गबाट विश्लेषण गरिएको छ । तुलना गर्दा 'मेरो नेपाली किताबलाई पहिलो पक्ष र रसिलो नेपालीलाई दोस्रो पक्षका रूपमा उल्लेख गरिएको छ ।

### ४.१ शब्दार्थको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या : ९

कठिन शब्दार्थको तुलनात्मक विवरण

| क. सं. | शब्दार्थको वर्गीकरण | मेरो नेपाली किताब | | रसिलो नेपाली | |
|---|---|---|---|---|---|
| | | शब्द सङ्ख्या | प्रतिशत | शब्द सङ्ख्या | प्रतिशत |
| 1 | पर्यायवाची | 127 | 51.63 | 77 | 60.62 |
| 2 | पारिभाषिक | 97 | 39.43 | 22 | 17.32 |
| 3 | प्राविधिक | 6 | 2.43 | 8 | 6.29 |
| 4 | अनेकार्थक | 6 | 2.03 | 7 | 5.51 |
| 5 | उखानटुक्का | 5 | 2.03 | 3 | 2.36 |
| 6 | अनुकरणात्मक | 5 | 2.03 | - | - |
| 7 | अन्य | - | - | 1 | 7.78 |
| | **जम्मा** | **246** | **100** | **127** | |

(खोज अध्ययनमा आधारित)

उल्लिखित तालिकामा 'मेरो नेपाली किताब' र 'रसिलो नेपाली' किताबभित्र कठिन शब्दका रूपमा समाविष्ट शब्दार्थहरूको तुलनात्मक तथ्याङ्क देखाइएको छ । तालिकाअनुसार

'मेरो नेपाली किताबमा जम्मा २४६ ओटा कठिन शब्दलाई शब्दार्थका रूपमा समावेश गरिएको छ भने रसिलो नेपालीमा त्यस्ता कठिन शब्दहरूको सङ्ख्या १२७ मात्र रहेका छन् । यसबाट पहिलोभन्दा दोस्रोमा ११९ ओटा कठिन शब्द कम भएको देखिन्छ । शब्दार्थ वर्गीकरणका आधारबाट हेर्दा पहिलोमा पर्यायावाची शब्द १२७(५१.६२%) ओटा, रहेका छन् भने दोस्रोमा ७७ (६६.६२%) ओटा शब्दहरू रहेका छन् । यसबाट पहिलोमा भन्दा पर्यायवाची शब्दहरू दोस्रोमा कम सङ्ख्यामा भएको देखिन्छ । त्यस्तै पहिलोमा पारिभाषिक शब्द ९७ (३९.४३%) ओटा छन् भने दोस्रोमा २२ (१७.३२%) ओटा  मात्रै छन् । प्राविधिक शब्दहरू पहिलोमा ६(२.४३%) ओटा छन् भने दोस्रोमा जम्मा ८ (६.२९%) ओटा रहेका छन् । यसबाट प्राविधिक शब्दहरू चाहिँ पहिलोमा भन्दा दोस्रोमा बढी देखिन्छ । त्यस्तै पहिलोमा अनेकार्थक शब्दको सङ्ख्या ६ (२.४३%) ओटा छन् भने दोस्रोमा ७ (५.७१%) ओटा रहेका छन् भने दोस्रोमा उखानटुक्काहरूको सङ्ख्या पहिलोमा ५(२.०३%) छन् भने दोस्रोमा ३ ओटा (२.३६%) भएको पाइन्छ । पहिलोमा अनुकरणात्मक शब्दहरूको सङ्ख्या ५(२.०३%) रहेका छन् भने दोस्रोमा अनुकरणात्मक शब्दहरू छैनन । दोस्रोमा शब्दार्थको वर्गीकरणमा नपरेका शब्दहरूको सङ्ख्या १० (७.७८%) ओटा रहेका छन् भने पहिलोमा पाइँदैन ।

यस आधारमा 'मेरो नेपाली किताब' का तुलनामा रसिलो नेपाली' मा कठिन शब्दार्थको सङ्ख्या कम रहेको पाइन्छ । पहिलोमा शब्दको कठिनाइ स्तरलाई सूक्ष्म रूपले हेरी शब्दार्थको सूचीमा विविधता ल्याएको पाइन्छ । शब्दार्थ वर्गीकरणका आधारमा भने दुवै पाठ्यपुस्तकमा पर्यायवाची र पारिभाषिक शब्दहरूको बाहुल्य र अन्य किसिमका शब्दहरूको प्रयोग न्यून रहेको पाइन्छ । वस्तुतः अन्य शब्दका तुलनामा पर्यायवाची र पारिभाषिक शब्द कठिन हुने भएकाले पनि यस्तो परिणाम देखिएको हुन सक्छ जुन स्वभाविक   हो ।

## ४.२ विधासम्बन्धी अभ्यासहरूको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या : १०

विधासँग सम्बन्धित अभ्यासहरूको तुलनात्मक विवरण

अभ्यासको तहगत वितरण

| क.सं. | विधा | मेरो नेपाली किताब | | | | | | रसिलो नेपाली | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कण्ठ | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत | कण्ठ | बोध | प्रयोग | सिर्जना | जम्मा | प्रतिशत |
| 1 | कथा | 3 | 10 | 21 | 11 | 45 | 31.03 | 2 | 17 | 5 | 10 | 34 | 11.40 |
| 2 | निबन्ध | 1 | 14 | 12 | 13 | 40 | 27.58 | 8 | 39 | 24 | 19 | 90 | 30.20 |
| 3 | कविता | 5 | 20 | 10 | 7 | 42 | 28.96 | 6 | 32 | 25 | 22 | 85 | 28.52 |
| 4 | जीवनी | 1 | 3 | 1 | 2 | 7 | 4.82 | 1 | 5 | 2 | 5 | 13 | 4.36 |
| 5 | रूपक | - | 3 | 2 | 1 | 6 | 4.13 | 1 | 18 | 11 | 11 | 41 | 4.36 |
| 6 | चिठी | - | 2 | 2 | 1 | 5 | 3.44 | 2 | 13 | 12 | 8 | 35 | 11.74 |
| | जम्मा | 10 | 52 | 48 | 35 | 145 | 100 | 20 | 124 | 79 | 75 | 298 | 100 |
| | प्रतिशत | 6.89 | 35.86 | 33.10 | 24.13 | | | 6.71 | 41.61 | 26.51 | 25.16 | | |

(खोज अध्ययनमा आधारित)

उल्लिखित तालिकामा विधागत आधारबाट 'मेरो नेपाली किताब' र रसिलो नेपाली किताब मा प्रयुक्त नमुना अभ्यासको तुलनात्मक विश्लेषण गरिएको छ । तालिकामा समाविष्ट तथ्याङ्कीय सूचनाअनुसार कथा विधामा पहिलोमा कण्ठस्थतर्फ ३, बोधतर्फ १०, प्रयोगतर्फ २१, र सिर्जनातर्फ ११ गरी जम्मा ४५ ओटा (३१.०३%) अभ्यासहरू समाविष्ट छन भने दोस्रोमा कण्ठस्थतर्फ छ, बोधतर्फ १७ प्रयोगतर्फ ५ र सिर्जनातर्फ १० गरी जम्मा ३४ ओटा (११.४०%) अभ्यासहरू समावेश गरिएका छन् । यस तथ्यलाई आधार मान्दा कथा विधामा दोस्रोमा भन्दा पहिलोमा नमुना अभ्यासहरूको सङ्ख्या बढी देखिन्छ । तुलना गर्दा पहिलोमा प्रयोगात्मक अभ्यासहरूको सङ्ख्या बढी देखिन्छ भने दोस्रोमा बोधसँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या बढी देखिन्छ ।

निबन्ध विधा अन्तर्गत पहिलोमा कण्ठस्थतर्फ १, बोधतर्फ १४, प्रयोगतर्फ १२, सिर्जनात्मतर्फ १३ गरी जम्मा ४० ओटा (२७.५८%) अभ्यासहरू रहेको पाइन्छ भने दोस्रोमा कण्ठस्थतर्फ ८, बोधतर्फ ३९, प्रयोगतर्फ २४ र सिर्जनातर्फ १९ गरी जम्मा ९० ओटा (३०.२०%) अभ्यासहरू समावेश भएको पाइन्छ । यस तथ्यका आधारमा तुलनात्मक विश्लेषण गर्दा पहिलोमा भन्दा दोस्रोमा दोब्बरभन्दा बढी अभ्यासहरू समावेश भएका छन् । पहिलोमा बोधपक्षलाई जोड दिइएको छ भने दोस्रोमा पनि बोध पक्षलाई जोड दिएको आधारमा यस विधामा बोध पक्षलाई बढी महत्व दिइएको पाइन्छ ।

कविता विधाअन्तर्गत पहिलोमा कण्ठस्थतर्फ ५, बोधतर्फ २०, प्रयोगतर्फ १०, र सिर्जनातर्फ ७ गरी जम्मा ४२ ओटा (२८.९६%) अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रोमा कण्ठस्थतर्फ ६, बोधतर्फ ३२, प्रयोगतर्फ २५ र सिर्जनातर्फ २२ गरी जम्मा ८५ ओटा (२८.५२%) अभ्यासहरू समावेश गरिएका देखिन्छन् । यस तथ्यका आधारमा तुलनात्मक विश्लेषण गर्दा पहिलोमा भन्दा दोस्रोमा बढी अभ्यासहरू अर्थात् पहिलेको तुलनामा दोब्बर अभ्यासहरू दिइएका छन् । पहिलो र दोस्रो दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू बोधपक्षसँग सम्बन्धित देखिन्छन् यस विधामा पनि । पहिलोमा प्रयोगपक्षसँग सम्बन्धित अभ्यासको सङ्ख्याभन्दा दोस्रोमा दोब्बरभन्दा बढी भएकोले यस विधामा दोस्रोमा प्रयोगपक्षलाई पनि जोड दिइएको पाइन्छ ।

जीवनी विधाअन्तर्गत तथ्याङ्कीय विश्लेषणमा पहिलोमा कण्ठस्थतर्फ १, बोधतर्फ ३, प्रयोगतर्फ १ र सिर्जनातर्फ २ गरी जम्मा ७ ओटा अर्थात् कुल प्रश्न सङ्ख्याको ४ (८२%) अभ्यासहरू समाविष्ट छन भने दोस्रोमा कण्ठस्थतर्फ १ बोधतर्फ ५, प्रयोगतर्फ २ र सिर्जनातर्फ ५ गरी जम्मा १३ (४.३६%) अभ्यासहरू रहेका छन् । यस तथ्यका आधारमा पहिलोभन्दा दोस्रोमा अभ्यासहरूको सङ्ख्या बढी देखिन्छ भने पहिलोमा बोधतर्फ र दोस्रोमा बोध र सिर्जनातर्फ जोड दिइएको देखिन्छ ।

रूपक विधाअन्तर्गत पहिलोमा कण्ठस्थ गर्ने खालका कुनै पनि अभ्यासहरू समावेश गरिएको पाइँदैन भने बोधतर्फ ३, प्रयोगतर्फ २, सिर्जनातर्फ १ गरी जम्मा ६ वटा (४.१३%)

अभ्यासहरू दिइएको पाइन्छ । त्यस्तै दोस्रोमा कण्ठस्थतर्फ १, बोधतर्फ १८, प्रयोगतर्फ ११ र सिर्जनातर्फ ११ गरी जम्मा ४१ ओटा (१३.७५%) अभ्यासहरू दिइएका छन् । यस तथ्यका आधारमा विश्लेषण गर्दा पहिलोमा नभएको कण्ठस्थ सम्बन्धी अभ्यास दोस्रोमा एउटा छ । पहिलोमा भन्दा दोस्रोमा नमुना अभ्यासहरूको सङ्ख्या बढी भएको तथ्याङ्क छ । त्यसैले सबै खालका भाषिक सीपहरू हासिल गर्ने खालका प्रश्नहरूको सङ्ख्या पनि दोस्रोमा नै भएको पाइन्छ ।

चिठी विधा अन्तर्गत दिइएका अभ्यासको तुलनात्मक विश्लेषण गर्दा पहिलोमा कण्ठस्थतर्फ अभ्यास छैन भने बोधतर्फ २, प्रयोगतर्फ २, र सिर्जनातर्फ १ गरी जम्मा ५ (३.४४%) अभ्यास रहेका छन् । त्यस्तै दोस्रोमा कण्ठस्थतर्फ २, बोधतर्फ १३, प्रयोगात्मक तर्फ १२ र सिर्जनातर्फ ८ गरी जम्मा ३५ ओटा (११.७४%) अभ्यासहरू रहेको छन् । यसबाट चिठी विधामा पहिलोको तुलनामा दोस्रोमा अभ्यासको सङ्ख्या धेरै नै बढी रहेका छन् । विधागत अभ्यासहरूको तुलनातर्फ विचार गर्दा भने पहिलोमा भन्दा दोस्रोमा अभ्यासहरू बढी सन्तुलित तवरबाट राखिएको पाइन्छ ।

विधाअन्तर्गतका नमुना अभ्यासको तहगत वितरणतर्फ तुलनात्मक विश्लेषण गर्दा पहिलामा कण्ठस्थतर्फ १०, (६.८९%), बोधतर्फ ५२(३५.८६%) प्रयोगतर्फ ४८(३३.१०%) र सिर्जनातर्फ ३५ अर्थात् २४.१३ प्रतिशत अभ्यासहरू समावेश भएको पाइन्छ भने दोस्रोमा कण्ठस्थतर्फ २०(६.७१%), बोधतर्फ १२४ (४१.६१%) प्रयोगतर्फ ७९ (२६.५१%) र सिर्जनातर्फ ७५ (२५.१६%) अभ्यासहरू समाविष्ट देखिन्छन् ।

यस तथ्यलाई हेर्दा सङ्ख्यात्मक आधारमा पहिलो भन्दा दोस्रो बढी सबल रहेको देखिन्छ भने अभ्यासको सन्तुलनतर्फ विचार गर्दा दोस्रोमा भन्दा पहिलो बढी सबल रहेको पाइन्छ । पहिलो र दोस्रो दुवैमा बोधपक्षलाई बढी जोड दिइएको पाइन्छ । दुवैमा अभ्यासको कम समावेश कण्ठस्थतर्फ रहेको देखिन्छ । त्यसैगरी विधागत आधारमा हेर्दा पहिलोमा कथा विधामा बढी अभ्यासहरू दिइएको पाइन्छ भने कम चाहिँ चिठी विधामा समावेश गरिएको देखिन्छ । त्यसैगरी दोस्रोमा निबन्ध र कविता विधामा अन्य विधामा भन्दा बढी अभ्यासहरू समावेश गरिएको पाइन्छ भने कम चाहि जीवनी विधामा दिइएका अभ्यासको सङ्ख्या रहेको छ ।

## ४.३ व्याकरणसम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या ११

व्याकरणसँग सम्बन्धित अभ्यासको शीर्षकगत तुलनात्मक विवरण

| क्र.सं. | व्याकरण | मेरो नेपाली किताब | | | | | | रसिलो नेपाली | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत | परिचयात्मक | धारणात्मक | प्रयोगात्मक | पहिचानात्मक | जम्मा | प्रतिशत |
| 1 | पदसङ्गति | - | - | 2 | 3 | 6 | 12.2 | - | - | - | - | - | - |
| 2 | वर्णविन्यास | - | - | 3 | - | 3 | 6.25 | - | - | 2 | 6 | 8 | 8.88 |
| 3 | काल | 1 | 1 | 1 | 1 | 4 | 8.33 | - | - | 1 | 2 | 3 | 3.33 |
| 4 | लेख्यचिन्ह | - | - | 2 | 4 | 6 | 12.2 | - | - | 2 | 5 | 7 | 7.77 |
| 5 | शब्दवर्ग | 1 | - | 4 | 3 | 8 | 16.66 | - | - | 10 | 20 | 30 | 33.33 |
| 6 | लिङ्ग | - | - | - | 1 | 1 | 2.08 | - | - | 2 | 2 | 4 | 4.44 |
| 7 | विभक्ति | 1 | 1 | 1 | - | 3 | 6.25 | - | - | 1 | 3 | 4 | 4.44 |
| 8 | वचन | - | - | 1 | 1 | 3 | 6.25 | - | 1 | - | 2 | 3 | 3.33 |
| 9 | करण/अकरण | - | - | 1 | 1 | 2 | 4.16 | - | - | 1 | 1 | 2 | 2.22 |
| 10 | शब्दभण्डार | - | 2 | 1 | 6 | 9 | 18.75 | - | - | - | - | - | - |
| 11 | उनानटुक्का | - | - | 3 | - | 3 | 6.25 | - | 2 | 3 | 1 | 6 | 6.66 |
| 12 | समास/विग्रह | - | - | - | - | - | - | - | 1 | 6 | 6 | 13 | 14.44 |
| 13 | शब्द निमार्ण | - | - | - | - | - | - | - | - | 1 | 1 | 2 | 2.22 |
| | जम्मा | 3 | 5 | 19 | 21 | 48 | | | 4 | 29 | 57 | 90 | |
| | प्रतिशत | 6.24 | 10.41 | 39.58 | 43.75 | | | | 4.44 | 32.02 | 63.33 | | |

(खोज अध्ययनमा आधारित)

प्रस्तुत तालिकामा 'मेरो नेपाली किताब' र 'रसिलो नेपाली' किताबमा समावेश गरिएका व्याकरणसम्बन्धी अभ्यासहरूको तुलनात्मक तथ्याङ्कीय सूचना उल्लेख गरिएको छ । दुवै पाठ्यपुस्तकमा समाविष्ट प्रत्येक पाठका अन्त्यमा दिइएका व्याकरणसँग सम्बन्धित नमुना अभ्यासहरुलाई व्याकरणात्मक शीर्षक अन्तर्गत राखी वर्गीकरण गरिएको छ । मेरो नेपालीमा पदसङ्गति सम्बन्धी अभ्यासमा परिचायत्मकतर्फ ३, धारणात्मक तर्फ १, प्रयोगात्मकतर्फ २, पहिचानात्मकतर्फ ३ गरी जम्मा ६ ओटा कुलप्रश्न सङ्ख्याको १२.२ प्रतिशत अभ्यासहरू समावेश गरिएका छन् रसिलो नेपाली वर्णविन्यास सम्बन्धी जम्मा ३ ओटा (६.२५ प्रतिशत) छन् भने दोस्रोमा पहिलोको दोब्बर प्रयोगत्मकतर्फ २, पहिचानात्मकतर्फ ६ गरी जम्मा ८ (८.८८%) प्रश्नहरू समाविष्ट देखिन्छ । त्यस्तै पहिलोमा कालसम्बन्धी प्रश्नहरू परिचयात्मकतर्फ १, धाराणातर्फ १, प्रयोगात्मक तर्फ १, पहिचानातम्क तर्फ १ गरी जम्मा ४ ओटा (८.३३%) अभ्यासहरू छन् भने दोस्रोमा प्रयोगात्मकतर्फ १, पहिचानात्मक तर्फ २ गरी जम्मा ३ (३.३३%) अभ्यासहरू रहेको देखिन्छ ।

लेख्यचिन्हसँग सम्बन्धित प्रयोगात्मकतर्फ २, पहिचानतर्फ ४ गरी जम्मा ६ वटा (१२.२%) अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रोमा प्रयोगात्मकतर्फ २, पहिचानात्कतर्फ ५ गरी जम्मा ७ ओटा (७.७७%) अभ्यासहरू समाविष्ट छन् । शब्दवर्गअन्तर्गत नाम, सर्वनाम, विशेषण, अव्ययहरूसँग सम्बन्धित अभ्यासहरू पर्दछन् । यसअन्तर्गत पहिलोमा परिचयात्मकतर्फ १, प्रयोगात्मकतर्फ ४, पहिचानात्मकतर्फ ३ गरी जम्मा ८(१६.६६%) अभ्यासहरू समावेश गरिएका छन् भने दोस्रोमा प्रयोगाात्मकतर्फ १०, पहिचानात्मकतर्फ २०, गरी जम्मा ३० (३३.३३%) अभ्यासहरू समावेश गरिएका छन् । यस तथ्यका आधारबाट पहिलोमा भन्दा शब्दवर्ग वा पदवर्गसम्बन्धी अभ्यासहरू दोस्रोमा तेब्बरभन्दा बढी सङ्ख्यामा रहेको देखिन्छ ।

त्यसैगरी स्त्रीलिङ्ग र पुलिङ्ग छुट्ट्याउन सिकाउने खालका प्रश्नहरू पहिलोमा १ मात्र (२.०८%) छ भने दोस्रोमा प्रयोगतर्फ २ र धारणातर्फ २ गरी जम्मा ४(४.४४%) अभ्यासहरू रहेको पाइन्छ । विभक्तितर्फ परिचयतर्फ १, धारणातर्फ १ , प्रयोगतर्फ १ गरी जम्मा ३ (६.२५%) अभ्यासहरू छन् भने दोस्रोमा प्रयोगतर्फ १, पहिचानतर्फ ३ गरी ४ (४.४४%) अभ्यासहरू छन् । वचनसम्बन्धी अभ्यास अन्तर्गत प्रयोगतर्फ १, पहिचानतर्फ २ गरी जम्मा ३ (६.२५%) छन् भने दोस्रोमा धारणातर्फ १, पहिचानतर्फ २ गरी ३ औटै रहेका छन् । त्यसैगरी करण/अकरणसम्बन्धी अभ्यासमा पहिलोमा प्रयोगतर्फ १, पहिचानतर्फ १ गरी जम्मा २ ( ४.१६%) अभ्यास छन् भने दोस्रोमा पनि २ वटै (२.२२%) अभ्यासहरूमा पर्यायवाची, विपरीतार्थी, श्रुतिसम्मभिन्नार्थीजस्ता शब्दहरू राखिएको छ । यसअन्तर्गत पहिलोमा धारणातर्फ २, प्रयोगतर्फ १, पहिचानतर्फ ६ गरी जम्मा ९ ओटा (१८.७५%) अभ्यासहरू समावेश गरिएका छन् भने मात्र दोस्रोमा यससम्बन्धी अभ्यासमा पहिचानसम्बन्धी ८ ओटा (८.८८%) मात्र रहेको छन् । उखानटुक्कासम्बन्धी अभ्यासमा प्रयोगात्मकतर्फ ३ ओटा (६.२५%) अभ्यासहरू दिइएका छन् भने दोस्रोमा धारणातर्फ २, प्रयोगतर्फ ३ र

पहिचानसम्बन्धी १ गरी जम्मा ६ ओटा (६.६६%) अभ्यासहरू रहेका छन् । यस तथ्यका आधारमा पहिलोमा भन्दा दोस्रोमा दोब्बरमात्रामा बढी अभ्यासहरू पाइन्छ ।

समास र विग्रह गर्ने खालका अभ्यासहरूलाई पहिलोमा समावेश गरिएको छैन भने दोस्रोमा धारणातर्फ १, प्रयोगतर्फ ६ र पहिचानतर्फ ६ गरी जम्मा १३ (१४.४४%) अभ्यासहरू दिइएको छ । हुन त समास र विग्रह गर्ने अभ्यासहरू प्राथमिक तहमा गाह्रो हुने भएकोले पनि पहिलो पाठ्यपुस्तकमा समावेश नगरिएको हुन सक्छ । त्यसैगरी शब्द निर्माण गर्ने अर्थात् प्रत्ययबाट शब्द निर्माण गर्ने खालका अभ्यासहरू पहिलोमा समावेश छैनन् भने दोस्रोमा धारणातर्फ १, प्रयोगतर्फ १ गरी जम्मा २ वटा अर्थात् २.२२% अभ्यासहरू रहेका छन् ।

उपर्युक्त तथ्याङ्कीय सूचनलाई सङ्ख्यात्मक तवरबाट तुलनात्मक विश्लेषण गर्दा पहिलोमा व्याकरणगत अभ्यास जम्मा ४८ ओटा रहेको पाइन्छ भने दोस्रोमा ९० ओटा रहेको देखिन्छ । दुवै पाठ्यपुस्तकमा व्याकरणलाई छुट्टै रूपमा नराखी छ्यासमिस गरी अर्थात् अन्य अभ्याससँगै मिसाएर दिएको पाइन्छ ।

उक्त तथ्यलाई हेर्दा पहिलोमा भन्दा दोस्रोमा झण्डै दोब्बर जति अभ्यासहरू देखिन्छ । व्याकरण शीर्षकहरूलाई केलाउँदा पहिलोमा शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरू बढी सङ्ख्यामा दिइएको पाइन्छ भने दोस्रोमा शब्दवर्गसँग सम्बन्धित अभ्यासहरू बढी सङ्ख्यामा दिइएको पाइन्छ । त्यसै गरी पहिलोमा करण/अकरण, लिङ्गसँग सम्बन्धित अभ्यासहरू कम सङ्ख्यामा दिइएको पाइन्छ  भने दोस्रोमा पनि करण/ अकरणसँग सम्बन्धित अभ्यासहरू कम मात्रामा पाइन्छ ।

यसरी हेर्दा पहिलोमा परिचयात्मकतर्फ ३(६.२४%), धारणात्मकतर्फ ५(१०.४१%), प्रयोगात्मकतर्फ १९(३९.५८%), पहिचानात्मकतर्फ २१(४३.७५%) अभ्यासहरू समावेश गरिएको पाइन्छ भने दोस्रोमा परिचयात्मकतर्फ शून्य, धारणात्मकतर्फ ४(४.४४%), प्रयोगातात्मकतर्फ २९(३२.२२%) र पहिचानात्मकतर्फ ५७(६३.३३) ओटा अभ्यासहरू गरी जम्मा ९० ओटा अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

दुवै पाठ्यपुस्तकमा दिइएको व्याकरणसम्बन्धी अभ्यासको वितरणतर्फ विचार गर्दा सङ्ख्यात्मक दृष्टिबाट पहिलोको तुलनामा दोस्रो सबल रहेको पाइन्छ । पहिलोमा अभ्यासहरूमा विविधता पाइदैन । दोस्रोमा चित्रात्मक ढङ्गबाट रोचक अभ्यासहरू प्रसस्त दिइएको पाइन्छ । पहिलोको तुलनामा दोस्रोमा आकर्षक तवरबाट व्याकरणात्मक ज्ञान दिइने उद्देश्य राखिएको देखिन्छ ।

## ४.४ भाषिक सीपसम्बन्धी अभ्यासको तुलनात्मक अध्ययन

तालिका सङ्ख्या १२

भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूको तुलनात्मक विवरण

| क्र.सं. | भाषिक सीप | मेरो नेपाली किताब | | रसिलो नेपाली | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 1 | सुनाइ | 16 | 6.29 | 28 | 8.18 |
| 2 | बोलाइ | 62 | 24.40 | 39 | 11.40 |
| 3 | पढाइ | 44 | 17.32 | 46 | 13.45 |
| 4 | लेखाइ | 132 | 51.96 | 229 | 66.95 |
| | **जम्मा** | **254** | | **342** | |

(खोज अध्ययनमा आधारित)

प्रस्तुत तालिका अनुसार सुनाइ सीप अन्तर्गत पहिलोमा १६(६.२९%) ओटा अभ्यासहरू छन् भने दोस्रोमा २८(८.१८%) ओटा अभ्यासहरू दिइएको पाइन्छ । त्यसैगरी बोलाइ सीपअन्तर्गत ६२ (२४.४०%) ओटा अभ्यासहरू दिइएको पाइन्छ भने दोस्रोमा ३९(११.४०%) अभ्यासहरू रहेको पाइन्छ । पढाइ सीप अन्तर्गत ४४(१७.३२%) ओटा पहिलोमा अभ्यासहरू छन् भने दोस्रोमा ४६(१३.४५%) ओटा अभ्यासहरू रहेको पाइन्छ । लेखाइ सीप अन्तर्गत १३२ ओटा (५१.९६%) अभ्यासहरू पहिलोमा छन् भने दोस्रोमा २२९(६६.९५%) अभ्यासहरू रहेका छन् । उक्त सूचनाका आधारमा भाषिक सीपसम्बन्धी अभ्यासको तुलनात्मक विश्लेषण गर्दा पहिलोमा सबैभन्दा बढी लेखाइ सीपतर्फ जोड र दोस्रोमा पनि लेखाइ सीपलाई नै जोड दिइएको पाइन्छ । पहिलोमा सबैभन्दा कम अभ्यास सुनाइ सीपसँग सम्बन्धित अभ्यासहरू पाइन्छन् भने दोस्रोमा पनि उस्तै स्थिति छ ।

## ४.५ स्तरगत उपयुक्तताका आधारमा मेरो नेपाली किताब र रसिलो नेपालीमा प्रयुक्त अभ्यासहरूको तुलनात्मक अध्ययन :

मेरो नेपाली किताब र रसिलो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको तुलना गर्दा स्तरगत तवरबाट हेर्दा दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासहरू उपयुक्त छन् । दुवै पाठयपुस्तकमा पाठ्यक्रमलाई आधारमानी पाठ लगायत नमुना अभ्यासहरू समावेश गरिएका छन् । पाठगत रूपले हेर्दा प्रत्येक पाठपछि पाठसँग सम्बन्धित नमुना अभ्यासहरू समावेश गरिएको पाइन्छ ।

मेरो नेपाली किताबका तुलनामा रसिलो नेपाली किताबमा रोचक ढङ्गबाट धैरै अभ्यासहरू समाविष्ट गरिएका छन् । पाठ्यक्रमलाई आधार मानेर अभ्यासहरू दिइएको भए पनि पाठ्यक्रमले नतोकेका वा माथिल्लो तहमा समावेश गरिनु पर्ने खालका अभ्यासहरूलाई

पनि यसै पाठ्यपुस्तकमा समावेश गरिएको देखिन्छ । यसले गर्दा रसिलो नेपाली मेरो नेपाली किताबभन्दा स्तरभन्दा अलि माथि नै देखिन्छ । मेरो नेपाली किताब अध्ययन गर्ने बालबालिका भन्दा रसिलो नेपाली अध्ययन गर्ने बालबालिकाले ज्ञानको दायरालाई अझ बढी फराकिलो पार्ने सङ्केत प्रष्ट देखिन्छ ।

स्तरगत उपयुक्तताको तुलना गर्ने क्रममा स्थलगत सर्वेक्षण गर्ने विधिलाई अपनाइएको छ । यस क्रममा दुलारी गा.वि.स. अन्तर्गत पर्ने चार, दुईवटा सरकारी विद्यालय र दुईवटा निजी विद्यालयमा अध्ययनरत ५० जना विद्यार्थीहरूमा २० पूर्णाङ्कको लिखित परीक्षा, मौखिक परीक्षा र ४ जना शिक्षक/शिक्षिकाहरूबीच अर्न्तवार्ता लिई निष्कर्ष निकालिएको छ । निजी विद्यालयमा पढाइने रसिलो नेपालीलाई सरकारी विद्यालयका विद्यार्थीहरू माझ परीक्षा लिने र निजी विद्यालयका विद्यार्थीहरूबीच सरकारी विधालयमा पढाइ हुने मेरो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासहरूको प्रश्नपत्र दिई परीक्षा लिने कार्य गरिएको छ ।

प्रा.वि.मा अध्ययनरत कक्षा ५ का विद्यार्थीहरूमा लिइएको मेरो नेपाली र रसिलो नेपाली किताबभित्रका प्रतिनिधि अभ्यासहरूबाट नमुना छनोटमा परेका विद्यार्थीहरूमाझ पूर्णाङ्क २० को परीक्षा लिइएको छ । त्यसमध्ये चारवटा विद्यालयका ५० जना विद्यार्थीहरूले प्राप्त गरेका अङ्कहरूलाई उल्लेख गरिएको छ । २ वटा सरकारी र २ वटा निजी विद्यालयका जम्मा ५० जना विद्यार्थीहरूलाई सोधिएका प्रश्नहरूका समान दाँजोमा परीक्षा लिइएको थियो । उनीहरूले प्राप्त गरेको अङ्कबाट असमान नतिजा देखिन्छ । भौतिक सेवा, सुविधा र अध्ययन गर्ने शिक्षक हुँदाहुँदै पनि निजी विदालयको नतिजा सरकारी विद्यालयको दाँजोमा कम नै देखिनु पाठ्यपुस्तकको बोधगम्यता र सान्दर्भिकता स्पष्ट झल्किन्छ ।

यसै क्रममा दुई पाठ्यपुस्तकबहरूबीच भएका अभ्यासहरूबीच समानता र भिन्नता सरल र कठिन अर्थात् अभ्यासमा भएका विविधताबारे बुझ्न सरकारी विद्यालय र निजी विद्यालयमा अध्यापनरत शिक्षकहरू बीच पनि प्रतिक्रिया लिइएको थियो । सरकारी विद्यालय श्री जनता प्रा.वि.र श्रीखण्ड नि.मा.वि. त्यसैगरी निजी विद्यालय श्री जुपिटर मा.वि. माउन्ट मकालुका नेपाली विषयका शिक्षकसँग भएको कुराकानी सम्बन्धी विवरण :

**तालिका सङ्ख्या १४**

| क्र.सं. | शिक्षक/शिक्षिका | विद्यालय | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १ | उषा भण्डारी | श्री जनता प्रा.वि. | आइ.एड. | ७ |
| २ | बलराम दाहाल | श्री जुपिटर मा.वि. | स्नात्तक | ११ |
| ३ | अमृत राई | श्रीखण्ड नि.मा.वि. | स्नात्तक | ८ |
| ४ | कमला अधिकारी | श्रीमाउन्ट मकालु | आइ.ए. | ४ |

(स्रोत : स्थलगत सर्वेक्षण २०६७)

माथि उल्लिखित नमुना छनौट गरी नमुना परीक्षा लिइएका विद्यालयका नेपाली विषय अध्यापन गर्ने शिक्षकहरूसँग भेटघाट गरिएको थियो । ७ वर्ष लामो शैक्षिक अनुभव सँगाल्नु भएका प्रा.वि.का शिक्षक उषा भण्डारीका अनुसार नेपाली भाषा सरकारी विद्यालयमा अङ्ग्रेजी बाहेक सबै विषयमा पठनपाठन गराइने भएको हुँदा विद्यार्थीहरूपनि अङ्ग्रेजी बाहेक सबै विषय नेपाली भाषामा नै अध्ययन गर्नुपर्ने भएकोले कठिन नमानिकन पढ्ने गरेको वताउनुहुन्छ । दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूका लागि नेपाली भाषा केही जटिल भएको बताउनु हुन्छ । त्यसैगरी जुपिटर मा.वि. दुलारी-५ मोरङ्गका शिक्षक बलराम दाहालसँग सम्बन्धित पक्षका बारेमा छलफल भएको थियो । यस प्रसङ्गमा उहाँले मेरो नेपाली किताबका तुलनामा रसिलो नेपाली किताबमा अभ्यासमा विविधता पाइने भएकोले केही रोचक मानेर विद्यार्थीहरूले उक्त अभ्यासहरू गर्ने गरेको पाइएको बताउनुभयो । निजी विद्यालयमा एउटा नेपाली विषयमात्र नेपाली भाषामा पढाइ हुने र अरू सबै विषय अङ्ग्रेजी माध्यमबाट पढाइने भएकोले र साथै विद्यालय समयभर कसैले पनि नेपाली भाषामा बोल्न नपाइने नियम विद्यालयले राखेको हुनाले निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अङ्ग्रेजी राम्रो हुने र समग्रमा नेपाली विषय चाहिँ कमजोर हुने तथ्य बताउनु भयो ।

त्यस्तै अर्न्तवार्ता लिने क्रममा श्री श्रीखण्ड नि.मा.वि. का शिक्षक अमृत राईसँग भएको कुराकानीमा उहाँले म दोस्रो भाषी नेपाली भएता पनि छरछिमेकमा अर्थात् समाजमा पहिलो भाषी नेपालीहरूको सङ्ख्या बढी भएकोले सानैदेखि मातृभाषा चाहिँ नसिकेर नेपाली भाषाप्रति रूचि देखाएकोले नेपाली विषयको शिक्षक भई शिक्षण गर्दा अफ्ठ्यारो नभएको बताउनुभयो । सरकारी विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाहरू रमाएर नेपाली विषय पढ्छन् । कथा/कविता पढ्न बढी रूचि राख्छन् र अभ्यासहरू लेख्न पनि धेरै मन पराउँछन् र गरेर देखाउँछन् भन्ने कुरा बताउनुभयो ।

निजी विद्यालय श्री माउन्ट मकालु सेकेण्डरी बोडिङ्ग स्कुलमा प्रा.वि.तहमा अध्यापनरत शिक्षिका कमला अधिकारीका अनुसार पढ्न चाहिँ रहरै गरेको पाइन्छ तर कक्षाकार्य र गृहकार्य गर्न चाहिँ अल्छी गर्ने, ह्रस्व, दीर्घ, आकार, उकारजस्ता कुरामा अलमलिने भएकोले नेपाली विषय अरू विषयका तुलनामा लेख्न कम रूचि राखेको बताउनुहुन्छ । विद्यालयको वातावरण नै अङ्ग्रेजी भएकोले नेपाली अध्ययन /अध्यापन गर्ने समय ज्यादै थोरै वा भनौं विद्यालय समयभर एउटा मात्र घण्टी एउटा कक्षामा बोल्न, पढन् वा लेख्न पाउने हुनाले पनि त्यस्तो कमजोरी भएको उहाँको ठहर छ ।

# अध्याय : पाँच

## ५.१ उपसंहार, निष्कर्ष र सुझाव

कक्षा ५ का लागि तयार पारिएको 'मेरो नेपाली किताब' र रसिलो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासको तथ्यगत व्याख्या, विश्लेषण र तुलना गरिएको छ । उक्त अध्ययनका लागि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

विविधि विधाका पाठ र सम्बद्ध नमुना अभ्यासका माध्यमबाट विद्यार्थीको बोधात्मक, प्रयोगात्मक तथा सिर्जनात्मक प्रश्नसम्बन्धी धारणा बसाउनुका साथै व्यावहारिक सीप प्राप्त गर्न सहयोग पुग्दछ । भाषिक सीप र दक्षता वृद्धिका लागि नमुना अभ्यासको महत्वपूर्ण भूमिका रहन्छ । सुनाइ र बोलाइ सीपअन्तर्गतका उच्चरित ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न, शब्दहरूको शुद्ध उच्चारण गर्ने उद्देश्यहरू नमुना अभ्यासबाट पूर्ति हुन सक्छ । विभिन्न किसिमका वर्णन र अभिव्यक्ति सुनेर मुख्य कुरा भन्न सक्नेजस्ता उद्देश्य नमुना अभ्यासमा दिइएका बोधसम्बद्ध अभ्यासबाट पूरा हुन सक्ने देखिन्छ ।

पढाइ सीप सम्बद्ध लिखित सामग्रीलाई विभिन्न विधासम्बद्ध सस्वरवाचन गर्ने लयवद्धवाचन गर्ने जस्ता अभ्यास समाविष्ट देखिन्छ् । लेखाइ सीप सम्बद्ध उद्देश्य पूरा गर्न सङ्क्षिप्त उत्तरात्मक तथा हिज्जे, र वाक्य गठनसम्बन्धी प्रश्नका साथै व्याकरण अभ्यासले सहयोग पुऱ्याउने देखिन्छ । विभिन्न विषयमा सिलसिला मिलाएर वर्णन गर्न, कथा लेख्न, रूचिअनुसारका विषयमा मौलिक रचना गर्न सक्ने जस्ता उद्देश्य पूरा गर्न पाठसम्बद्ध नमुना अभ्यासमा शिक्षक तथा विद्यार्थीको लागि स्पष्ट निर्देशनहरू नदिइएकाले अन्यौल हुने देखिन्छ । समष्टिगत रूपमा हेर्दा दुवै पाठ्यपुस्तकका नमुना अभ्यासहरू औसत रूपमा स्तरीय देखिन्छन् । समूहगत कार्यकलापका अभ्यासहरू पनि भेटिन्छन् । स्थलगत सर्वेक्षणबाट प्राप्त नतिजाअनुसार नेपाली विषयमा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूभन्दा सरकारी स्कुलमा अध्ययनरत विद्यार्थीहरू तगडा देखिन्छन् ।

## ५.१ मेरो नेपाली किताब

१. यसमा कठिन शब्दका निम्ति दिइएका शब्दार्थलाई पर्यायवाची, पारिभाषिक शब्दबाट बढी अर्थ्याइएको पाइन्छ । प्राविधिक, अनेकार्थक, अनुकरणात्मक र उखानटुक्का जस्ता शब्दहरूको प्रतिनिधित्व कम रहेको पाइन्छ ।

२. पाठ्य विधासँग सम्बन्धित अभ्यासतर्फ कथा विधामा प्रयोगात्मक अभ्यासतर्फ जोड, कविता, निबन्ध जीवनी, रूपक र चिठी विधामा बोधसँग सम्बन्धित अभ्यासहरूलाई जोड दिइएको छ ।

३. व्याकरणसम्बन्धी अभ्यासतर्फ पदसङ्गति, लेख्यचिन्ह, शब्दवर्ग र शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरूसमावेश गरिएको पाइन्छ भने करण/अकरण, हिज्जे, वचन, लिङ्ग, विभक्तिसँग सम्बन्धित अभ्यासतर्फ कम जोड दिइएको पाइन्छ ।

४. भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषणबाट लेखाइसँग सम्बन्धित अभ्यास सबैभन्दा बढी र अरू क्रमश बोलाइ, पढाइ र सुनाइसँग सम्बन्धित अभ्यासहरू राखिएको छ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्यअनुसार भाषिक सीप हासिल गर्ने खालका प्रशस्त अभ्यासहरू समाविष्ट पाइँदैन ।

५. विधागत अभ्यास र व्याकरणगत अभ्यासलाई छुट्टाछुट्टै रूपमा राखिएको छ । व्यवकरणतर्फ परिचयविना नै अभ्यासहरू मात्र उदाहरण हेरेर गर्नुपर्ने खालका देखिन्छन् ।

६. अभ्यासको अधिकाँश समस्याहरू शब्दभण्डारमा आधारित गरी निर्माण गरिएको पाइन्छ । अभ्यासमा दिइएका प्रश्नहरू स्तरअनुकूल र पाठसँग सम्बन्धित नै रहेको पाइन्छ ।

## ५.२. रसिलो नेपाली किताब

१. यसमा अभ्यासको दृष्टिकोणले विविधता अँगालेको पाइन्छ । पाठ्यक्रमअनुसार पाठयपुस्तक तयार पार्दा रसिलो नेपाली किताबमा पनि मेरो नेपाली किताबमा दिइएको जस्तै सैद्धान्तिक अवधारणालाई ख्यालमा राखी अभ्यासहरूलाई स्थान दिइएको छ ।

२. पाठ्य विधासँग सम्बन्धित् अभ्यासतर्फ कविता र जीवनी विधामा समानुपातिक तवरबाट अभ्यासहरू समावेश गरिएको पाइन्छ भने रूपक कथा र चिठी विधामा पनि एकरूपता पाइन्छ भने अन्य विधाका तुलनामा जीवनी विधा एक मात्र भएकोले अभ्यासको सङ्ख्या पनि कम पाइन्छ ।

३. व्याकरणसँग सम्बन्धित अभ्यासतर्फ शब्दवर्गसँग सम्बन्धित अभ्यासहरूको सङ्ख्या बढी रहेका छन् भने करण/अकरणसम्बन्धी अभ्यास तथा शब्दनिर्माण सम्बन्धी अभ्यासहरू पनि कम छन् । सबैभन्दा बढी पहिचानात्मक ढँङ्का अभ्यासहरू पाइन्छ भने त्यसपछि क्रमशः प्रयोगात्मक र धारणात्मक अभ्यासहरू समावेश गरिएको पाइन्छ । व्याकरणका अभ्यासहरूलाई विधागत अभ्याससँगै छ्यासमिस गरेर समावेश गरिएकाले विद्यार्थीहरूलाई विधागत अभ्याससँगै व्याकरण सिक्नुपर्ने वातावरण सिर्जना भएको छ ।

४. भाषिक सीपसँग सम्बन्धित अभ्यासअन्तर्गत सुनाइभन्दा बोलाइमा, बोलाइमाभन्दा पढाइमा र पढाइमा भन्दा लेखाइमा बढी अभ्यासको संयोजन गरिएकोले यो पाठ्यक्रम अनुकूल रहेको पाइन्छ । भाषिक सीपमा दक्षता हासिल गराउन विभिन्न किसिमका प्रश्नहरूको सहायता लिएको पाइन्छ ।

५. शब्दभण्डारसँग सम्बन्धित अभ्यासका निमित्त दुवैमा पर्यायवाची शब्दहरू बढी र अनेकार्थक र प्राविधिक शब्दहरू कम दिइएको पाइन्छ ।

६. पाठको अन्त्यमा शब्दार्थ र त्यसपछि विधागत र व्याकरणसँग सम्बन्धित अभ्यासलाई क्रम सङ्ख्याका आधारमा उल्लेख उल्लेख गरिएको पाइन्छ । साथै अभ्यासहरूको निर्माण गर्दा मूल पाठलाई बढीभन्दा बढी उपयोग गरिएको पाइन्छ ।

७. अभ्यासहरू आकर्षक ढङ्गबाट दिइएको पाइन्छ ।

## ५.३. मेरो नेपाली किताब र रसिलो नेपाली किताबको तुलनात्मक निष्कर्ष :

निजी तथा संस्थागत विद्यालयहरूको प्रयोगमा ल्याएको रसिलो नेपाली र सरकारी विद्यालयहरूमा पढाइने मेरो नेपाली किताबमा समाविष्ट नमुना अभ्यासका आधारमा तुलना गर्दा कठिन शब्दहरूको अर्थको वर्गीकरण, विधागत अभ्यासहरूको व्याख्या तथा विश्लेषणसम्बन्धी अभ्यासको वर्गीकरण र भाषिक सीपसँग सम्बन्धित अभ्यासहरूलाई प्रमुख मानेर विषयगत र वस्तुगत प्रश्नहरु समेतको वर्गीकरण गरी स्थलगत सर्वेक्षणलाई पनि आधार मानेर निम्नानुसारको समग्र रुपमा तुलनात्मक निष्कर्ष निकालिएको छ ।

तालिका सङ्ख्या ५.४

समग्र नमुना अभ्यास विवरण

| क. | विषयगत | मेरो नेपाली सङ्ख्या | रसिलो नेपाली सङ्ख्या |
|---|---|---|---|
| | अति सङ्क्षिप्त उत्तरात्मक प्रश्न | 59 | 85 |
| | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | 38 | 30 |
| | निबन्धात्मक प्रश्न | 16 | 23 |
| ख. | वस्तुगत | | |
| | आपूर्ति प्रश्न | 26 | 26 |
| | ठीक बेठीक प्रश्न | 3 | 6 |
| | जोडा मिलाउने प्रश्न | 3 | 24 |
| | बहुबैकल्पिक प्रश्न | – | 24 |
| | जम्मा | 145 | 218 |

समग्र नमुना अभ्यासको विवरणको मेरो नेपाली किताब र रसिलो नेपालीमा भएका नमुना अभ्यासहरुलाई विषयगत र बस्तुगत गरी दुई भागमा विभाजन गरिएको छ । विषयगत अन्तर्गत अति सङ्क्षिप्त उत्तरात्मक, सङ्क्षिप्त उत्तरात्मक र निबन्धात्मक गरी तीन प्रकारमा विभाजन गरिएको छ भने वस्तुगत अन्तर्गत आपूर्ति प्रश्न, ठीक बेठीक प्रश्न, जोडा मिलाउने प्रश्न, बहुबैकल्पिक प्रश्न गरी चार प्रकारमा विभाजन गरिएको छ ।

माथि दिइएको तालिका अनुसार मेरो नेपालीमा भन्दा रसिलो नेपालीमा धेरै अति सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरु समावेश भएको पाइन्छ भने सङक्षिप्त उत्तरात्मक प्रश्नहरु रसिलोमा भन्दा मेरो नेपालीमा धेरै भएको पाइन्छ । त्यस्तै मेरो नेपालीको तुलनामा निबन्धात्मक प्रश्नहरु रसिलो नेपालीमा धेरै पाइन्छ । वस्तुगत प्रश्नहरुमा आपूर्ति प्रश्नहरु दुवै पाठ्यपुस्तकमा बराबर भएको पाइन्छ भने ठीकवेठीक प्रश्न, जोडा मिलाउने किसिमका प्रश्नहरु भने रसिलो नेपालीमा बढी भएको पाइन्छ । बहुवैकल्पिकसम्बन्धी प्रश्नहरु भने मेरो नेपाली किताबमा समावेश गरिएको पाइँदैन भने रसिलो नेपालीमा यस प्रकारका प्रश्नको सङ्ख्या २४ रहेको छ ।

अन्य पक्षहरुको तुलनालाई बुदाँगत रुपमा निष्कर्ष बनाइ देखाइएको छ :-

१. शब्दार्थको तुलनात्मक विश्लेषणतर्फ विचार गर्दा रसिलो नेपालीको तुलनामा मेरो नेपाली किताबमा दोब्बरभन्दा बढी कठिन शब्दहरूलाई शब्दार्थका रूपमा प्रस्तुत गरिएको छ । त्यसैगरी पहिलो र दोस्रो दुवैमा पर्यायवाची एवम् पारिभाषिक शब्दको बाहुल्य रहेको पाइन्छ भने अनुकरणात्मक शब्द, उखानटुक्कासँग सम्बन्धित अभ्यासहरू न्यून रहेको देखिन्छ । यसबाट के स्पष्ट हुन्छ भने पाठ्यक्रमको मर्मलाई नबुझीकन नै अभ्यासहरू समावेश गरेको देखिन्छ ।

२. विधासँग सम्बन्धित अभ्यासतर्फ पहिलोमा कथा, निबन्ध र कविता विधामा अरू विधाका तुलनामा बढी अभ्यास छन् भने दोस्रोमा कथा निबन्ध र रूपक विधामा बढी अभ्यास रहेको छन् भने दोस्रोमा पनि बोध र प्रयोगात्मक अभ्यासलाई नै जोड दिइएको छ ।

३. व्याकरणसम्बन्धी अभ्यासतर्फ शब्दभण्डार र शब्दवर्गसम्बन्धी अभ्यासहरू पहिलोमा बढी दिइएका छन् भने दोस्रोमा शब्दभण्डार र शब्दनिर्माण गर्ने, समास र विग्रहसम्बन्धी अभ्यासहरू बढी पाइन्छ । सबैभन्दा कम अभ्यासहरू करण/अकरण लिङ्गसम्बन्धी अभ्यासहरू दुवै पाठ्यपुस्तकमा समावेश छन् ।

४. भाषिक सीपसँग सम्बन्धित अभ्यासको विश्लेषणबाट लेखाइसँग सम्बन्धित अभ्यास दुवै पाठ्यपुस्तकमा बढी छन् भने अरू क्रमशः पढाइ, बोलाइ, सुनाइसँग सम्बन्धित अभ्यासहरू राखिएको छ ।

५. विधागत अभ्यास र व्याकरणगत अभ्यासलाई दुवै पाठ्यपुस्तकमा छुट्टाछुट्टै नराखी छ्यास्मिस् पारेर अन्य अभ्याससँगै राखिएको छ ।

६. अभ्यासको अधिकांश समस्याहरू शब्दभण्डारमा आधारित गरी निर्माण गरिएको पाइन्छ । पहिलोमा अभ्यासमा दिइएका प्रश्नहरू स्तरअनुकूल र पाठसँग सम्बन्धित नै रहेका छन् भने दोस्रोमा पाठसँग सम्बन्धित् अभ्यासहरू साथै सिर्जनात्मक किसिमका प्रसस्त मात्रामा अभ्यासहरू दिइएको पाइन्छ । त्यसैले पहिलो पाठयपुस्तकमा पनि प्रशस्त मात्रामा समावेश गरिनु जरूरी देखिन्छ ।

७. अभ्यासको विविधतालाई हेर्दा पहिलो भन्दा दोस्रोमा धेरै स्तरीयता रहेको देखिन्छ । दुवै पाठ्यपुस्तकमा व्याकरणसम्बन्धी छोटकरीमा परिचय नदिइकन नै अभ्यासहरू दिइएकाले विद्यार्थीहरूले अभ्यासमा दिइएका उदाहरणबाट बुझेर लेख्नु पर्ने वा अभ्यास गर्नुपर्ने देखिन्छ ।

## ५.४ सबल पक्ष र दुर्बल पक्षलाई तालिका बनाएर स्पष्ट पारिएको छ :-

**सबल पक्ष**

| मेरो नेपाली किताब | रसिलो नेपाली किताब |
|---|---|
| १. प्रसस्त मात्रामा कठिन शब्दहरुलाई शब्दार्थका रुपमा प्रस्तुत गरिएको । | १. प्रसस्त मात्रामा नमुना अभ्यासहरु समावेश गरिएको । |
| २. भाषाको प्रयोग भित्रबाट व्याकरणको ज्ञान दिने प्रयास गरिएको । | २. पाठसँग सम्बन्धित् अभ्यासहरुसँगै व्याकरणका अभ्यासहरु पनि छ्यासमिस् गरी समावेश गरिएको । |
| ३. आगमन विधिको माध्यमबाट व्याकरण तथा शब्दभण्डारका अभ्यासलाई सिकाउने प्रयास गरिएको । | ३. नमुना अभ्यासहरुलाई व्यवहारिक बनाउने प्रयास गरिएको । |
| ४. अभ्यासहरुलाई सरलदेखि जटिलताको क्रममा प्रस्तुत गरिएको । | ४. सिर्जनात्मक अभ्यासको संयोजन गर्दा विधाको मर्मलाई ख्याल गरिएको । |
| ५. अभ्यासलाई विधाअनुरुप पाठसम्बद्ध तुल्याउने प्रसास गरिएको । | ५. पाठयपुस्तकमा समाविष्ट नमुना अभ्यासहरुको विधागत सन्तुलन मिलेको देखिन्छ । |

**दुर्बल पक्ष**

| मेरो नेपाली किताब | रसिलो नेपाली किताब |
|---|---|
| १. पाठ्यक्रमले निर्देश गरेका व्याकरणात्मक कोटीहरु सबै नसमेटिएको र समग्रमा व्याकरणसँग सम्बन्धित अभ्यासहरुमा पनि कम जोड दिइएको । | १. सुनाइ र बोलाइलाई भन्दा लेखाइ र पढाइसँग सम्बन्धित अभ्यासहरुमा जोड दिइनु । |
| २. भाषाका सीपहरुभन्दा लेखाइ सीपमा बढी जोड । | २. अनुकरणात्मक शब्दको प्रयोग नहुनु । |
| ३. श्रुतिलेखनसम्बन्धी प्रश्नहरुको अभाव देखिन्छ । | ३. शब्दार्थको रुपमा राखिएका कठिन शब्दहरुको सङ्ख्या कम हुनु । |
| ४. जीवनी र रुपक विधामा नमुना अभ्यासहरुको सङ्ख्या कम देखिनु । | ४. शब्दभण्डारसँग सम्बन्धित अभ्यासहरुमा परिचयात्मक, प्रयोगात्मक अभ्यासहरु नदिइनु |

## ५.५ सुझावहरू

कक्षा ५ को मेरो नेपाली किताब र रसिलो नेपालीको तुलनात्मक अध्ययनको निष्कर्षबाट प्राप्त निचोडका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

१. 'मेरो नेपाली किताब' मा शब्दार्थतर्फ दिइएका कठिन शब्दहरूको अर्थ लगाउँदा पर्यायवाची र पारिभाषिक तवरबाट नलगाई वस्तुगत स्थितिका आधारमा विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनेकार्थक, अनुकरणात्मक, प्राविधिक तवरबाट समेत राखिनु उपयुक्त हुन्छ । पाठका कतिपय सरल शब्द शब्दार्थमा राखिनु हुँदैन र कठिन शब्दहरूलाई छुटाउनु हुदैन । अझ शब्दार्थ दिएर विद्यार्थीलाई अर्थ आफै खोज्ने बानीको विकास गराउनुपर्छ ।

२. भाषा पाठ्यपुस्तकको आधारमा शिक्षण गर्दा भाषिक सीप प्राप्त हुने आधारमा गरिनुपर्छ । भाषिक सीप प्राप्तिका लागि प्रयोगात्मक, सिर्जनात्मक अभ्यासहरू दिई शब्दभण्डारको वृद्धि गर्ने अभ्यासात्मक कार्यकलाप दुवै पाठ्यपुस्तकमा समावेश गराउनु उपयुक्त हुन्छ ।

३. मेरो नेपाली किताबमा पाठ्यक्रमले निर्धारण गरेको समास वा विग्रहसम्बन्धी धाराणात्मक अभ्यासहरू समावेश नगरिएकाले यस्ता खालका अभ्यासहरू समावेश गर्न जरूरी छ ।

४. कविता, कथा, जीवनी, रूपक विधाको अध्ययनपछि सिर्जनात्मक अभ्यासहरू मेरो नेपाली किताबमा प्रशस्त समावेश गर्नु जरूरी हुन्छ ।

५. दुवै पाठ्यपुस्तकमा व्याकरणसम्बन्धी अभ्यासहरू दिनुभन्दा अगाडि परिचय र धारणा प्रस्तुत गरी मात्र नमुना अभ्यासहरू प्रस्तुत गरेमा विद्यार्थीहरू अन्योलबाट मुक्त हुन्छन् भन्ने कुरा मध्यनजर गर्नु जरूरी छ ।

६. विद्यार्थीको उमेर, स्तर र रूचि आदिलाई ख्याल गरी नमूना अभ्यास निर्माण गर्नु उपयुक्त हुने देखिन्छ ।

७. पाठ्यपुस्तकका नमुना अभ्यासहरू परिमार्जन हुँदै आए पनि अझै परिमार्जन र सुधार गर्न आवश्यक देखिन्छ ।

८. कण्ठस्थ गर्ने किसिमका अभ्यासलाई महत्व नदिनु राम्रो हुन्छ किनकि कण्ठ गर्ने बानीको विकास भएमा सिर्जनाको ढोका बन्द हुन जान्छ र प्रतिभा मर्न सक्दछ ।

९. व्याकरणिक कोटिमा अभ्यासको सन्तुलन मिलाउन आवश्यक छ । त्यसैगरी व्याकरणसँग सम्बन्धित अभ्यासहरू पनि विधागत अभ्याससँगै राखिएकोले विद्यार्थीमा

अन्यौलको स्थिति सिर्जना हुन सक्दछ । यसका लागि विधागत र व्याकरणगत अभ्यासलाई छुट्याएर राख्दा नै बढी व्यवहारिक हुन्छ ।

१०. भाषिक सीपसँग सम्बन्धित अभ्यासतर्फ सुनाइ र बोलाइमा भन्दा पढाइमा कम अभ्यास राखिनु युक्तिसङ्गत देखिँदैन । सुनाइ र बोलाइमा भन्दा पढाइमा बढी जोड दिने किसिमले अभ्यास राखिनु उचित ठहर्छ । लेखाइतर्फ अभ्यासहरू पर्याप्त छन् । यसलाई व्यवहारमा उत्तार्नु आवश्यक छ ।

११. अभ्यासका प्रश्नहरूमा विकसित विधि प्रविधिअनुसारका अभ्यास शृङ्खलालाई पनि आत्मसात गरेर प्रश्नहरू निर्माण गर्नुपर्ने देखिन्छ ।

१२. निबन्ध विधामा राखिएका पाठ्यविषय निबन्ध नभएर प्रबन्ध हुन् कि भन्ने किसिमका भएकोले निबन्ध विधामा निजात्मकता झल्काउने पाठ्यविषय राखी सोहीअनुसार अभ्यासमा प्रश्नहरू राख्न आवश्यक देखिन्छ ।

## ५.६ शैक्षणिक प्रयोजन

नेपाली भाषा शिक्षण गर्दा कस्ताकस्ता अभ्यासबाट केकस्ता भाषिक सीप हासिल गर्न सकिन्छ भन्ने कुरा थाहा पाउन सकिन्छ । विद्यार्थीको परीक्षामुखी प्रवृत्तिलाई क्रियाकलापमुखी बन्न प्रेरित गर्दछ भने शिक्षकलाई विधाअन्तर्गतका पाठसम्बद्ध क्रियाकलाप गराउन सचेत गराउँछ । अतः यस अध्ययनको निष्कर्ष र सुझावका आधारमा अध्ययनका शैक्षणिक प्रयोजनलाई निम्नानुसार बुँदीकरण गरिएको छ ।

१. दुवै पाठ्यपुस्तकमा समाविष्ट नमुना अभ्यासमा रहेका त्रुटिहरूलाई सच्याएर विद्यार्थीको उपलब्धि मूल्याङ्कनमा सुधार ल्याउन मद्दत गर्नु,

२. दुवै पाठ्यपुस्तकमा दिइएका अभ्यासहरू वाहेक थप अभ्यास गराउने सुझ प्रदान गर्नु,

३. समकालीन पाठ्यपुस्तकमा रहेका अभ्यासहरू स्तरयुक्त बनाउन पाठ्यपुस्तक परिमार्जनकर्तालाई आवश्यक सुझाव दिनु

४. नमुना अभ्यासमा दिइएका प्रश्नहरूको अभ्यास गराउनका लागि प्रभावकारी विधिहरू अपनाउन सहयोग पुऱ्याउनु

५. कठिन अभ्यासहरूलाई वर्गीकरण गरी शिक्षण सिकाइका लागि सरल तुल्याउन सुझ प्रदान गर्नु,

६. नमुना अभ्यासको माध्यमबाट निरन्तर गरिने मूल्याङ्कनलाई प्रभावकारी बनाउन उपर्युक्त कक्षागत वातावरण सिर्जना गर्न आधार प्रदान गर्नु ।

७. उपर्युक्त अध्ययनबाट विद्यार्थीहरूलाई आइपरेका समस्या समाधान गर्न अग्रसर बनाउने सोच प्रदान गर्न सहयोग पुऱ्याउनु

८. नमुना अभ्यासका प्रश्नहरूको वितरणमा देखा परेका असन्तुलनलाई सन्तुलन मिलाउन सुझ तयार गर्नु ।

९. नमुना अभ्यासको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने नवअनुसन्धानकर्ताहरूका लागि थप सहयोगी सामग्री प्रदान गर्नु,

१०. पाठ्यपुस्तक निर्माता, शिक्षक निर्देशिक निर्माताका अतिरिक्त पाठ्यक्रम निर्माता स्वयमलाई पनि नमुना अभ्यासको त्रुटि केलाइ त्यसमा सुधार ल्याउनु ,

११. पाठ्यक्रमका उद्देश्यअनुरूप उद्देश्य अनुरूप पर्याप्त नमुना अभ्यासहरूको संयोजन गरी पाठ्यपुस्तकमा सुधार गर्न सहयोग पुऱ्याउनु ।